का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ भदौ २०८०,
आइतबार
20 August 2023,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक २०६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## सत्ता स्वार्थले गिजोलिएको संसदीय गरिमा

कुनै पनि बेला सरकार ढाल्नका लागि सभामुख पद लिँदा अप्ठ्यारो हुने बुझाइ प्रतिपक्षी दलहरुको छ । सत्तारुढ दलले सभामुख पद लिएको दिन सरकार अल्पमतमा पर्नेछ । यसकारण सभामुख पद कसले लिने भन्नेमा अन्योलता कायमै छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ भदौ ।

कोशी प्रदेशमा सत्तारुढ दलहरु र प्रतिपक्षी दलहरुले सभामुख पद लिन चाहेका छैनन् । नयाँ सरकार टिकाउन र भत्काउन एक सांसद आवश्यक रहेका कारण सभामुख पद लिन सत्तापक्ष र प्रतिपक्षले नचाहेका हुन् ।

सभामुख बाबुराम गौतमलाई राजीनामा गराएर उद्धव थापाले सरकारको नेतृत्वमा दाबी गरेका कारण सभामुख पद रिक्त छ । साउन १६ गते नियुक्त भएका थापाले भदौ ४ गते विश्वासको मत लिँदैछन् । सत्ता गठबन्धनले फेरि सभामुख लिन मानेको छैन, प्रतिपक्षी दल नेकपा एमाले र राप्रपा पनि सभामुख लिन तयार छैनन् ।

नेताहरुका अनुसार सत्ता मोहका कारण दुवै गठबन्धनले सभामुख लिन नमानेका हुन् । प्रतिपक्षले सभामुख लिदा सत्ता पक्षले विश्वासको मत पाउने अवस्था छ । सभामुख नलिएर वर्तमान मुख्यमन्त्रीले विश्वासको मत नपाउने वातावरण बनाउन सके संविधानको धारा १६८ को उपधारा ३ बमोजिम एमाले नेतृत्वमा नयाँ सरकार बन्न सक्छ । यसकारण सत्तापक्ष र प्रतिपक्ष दुवै सभामुख लिन तयार नभएको हो ।

सभामुखलाई राजीनामा गराएर गठबन्धनले मन्त्री बनाएको छ । विश्वासको मत लिने दिन उपसभामुखलाई उसको दलले राजीनामा गराउन सक्छ भनेर सत्ता गठबन्धनले प्रदेशका ज्येष्ठ सदस्य गयानन्द मण्डललाई कृषि राज्यमन्त्री बनाएर उपसभामुख रहेको दल एमालेकै ज्येष्ठ सदस्यले नेतृत्व गर्नुपर्ने अवस्था सिर्जना गरिदिएको छ ।

उनीपछि एमालेका रोहितबहादुर कार्की ज्येष्ठ सदस्य छन् । सत्तागठबन्धनको सरकार टिकाउन सभामुख लिइदिन सत्तापक्षले प्रतिपक्षी दल राप्रपालाई समेत आग्रह गरेको थियो । तर राप्रपा तयार भएन् । राप्रपा समेत तयार नहुँदा कोशी प्रदेशको सभामुख को हुने भन्ने कुनै निश्चित छैन ।

९३ सदस्यीय प्रदेशसभामा मुख्यमन्त्रीको पक्षमा ४७ मत मात्रै छ । विश्वासको मत लिनका लागि यो आवश्यक हुन्छ । मुख्यमन्त्री उद्धव थापाको नेतृत्वमा रहेको सरकारलाई कांग्रेसका २९, माओवादी केन्द्रका १३, नेकपा एकिकृत समाजवादी पार्टीका ४ र जसपाको एक गरी ४७ सांसदको समर्थन छ । उनको विपक्षमा एमालेका ३९ (उपसभामुख बाहेक) र राप्रपाको ६ जना सांसद छन् ।

### बजेटमा बार्गेनिङ !

भदौ ४ गते कोशी प्रदेशका मुख्यमन्त्री थापाले विश्वासको मत लिँदैछन् । नेताहरुका अनुसार एमाले नेतृत्वको अघिल्लो सरकारले ल्याएको बजेट जस्ताको तस्तै अगायिड बढ्ने अवस्थामा एमालेले उपसभामुखलाई राजीनामा नगराउने जनाएको छ ।

एमालेको यो प्रस्तावलाई स्वीकार गर्दै सत्तारुढ दलहरु तत्कालीन हिक्मत कुमार कार्की नेतृत्वको सरकारले चालु आर्थिक वर्षका लागि अध्यादेशबाट ल्याएको बजेटको प्रतिस्थापन विधेयक ल्याउन तयार भएका छन् । आफूले ल्याएको बजेट जस्ताको तस्तै अगाडि बढ्ने भएपछि एमाले पनि लचिलो बनेको छ र उपसभामुखको राजीनामा नगराउनेमा केन्द्रित भएको छ । यस्तो अवस्थामा मुख्यमन्त्री थापाले विश्वासको मत पाउनेछन् ।

९३ सदस्यीय प्रदेशसभामा सत्तागठबन्धन दलसँग ४७ सांसद छन् । उपसभामुख बाहेक एमालेका ३९ र राष्ट्रिय प्रजातन्त्र पार्टीका ६ गरि ४५ सांसद पृष्ठ २ मा



## संसद अवरोधको उकुसमुकुस

संसदको अवरोध खुलाउने मुख्य जिम्मेवारी प्रधानमन्त्री प्रचण्डको हो । तर एमालेको मागमा सहमत हुन सकिरहेका छैनन् । एमालेलाई पनि महिना दिनसम्म संसद अवरोध गरेको औचित्य पुष्टि गर्न कठिन भइराखेको छ ।



शुक्रबारमात्रै बालुवाटारमा सभामुखसँग छलफल गरेँ । आशा गरिएको छ आइतबार खुल्छ ।

**प्रचण्ड**
प्रधानमन्त्री



संसद अवरोध नियमसंगत र संविधानसम्मत हुँदैन । संसद अवरोध राजनीतिक रुपमा गरिने हुनाले यसको औचित्य पुष्टि गर्ने सम्बन्धित दलको जिम्मेवारी हो ।

**सुवास नेम्वाङ**
उपनेता, एमाले संसदीय दल

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ भदौ ।

साउन महिनाभर प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले संसदमा अवरोध गर्‍यो । अवरोधप्रति जनतामा असन्तुष्टि चुलिएपछि सत्तारुढ दल र एमाले दुवैका लागि अवरोध खुलाउने बाहना चाहिएको छ ।

संसदको अवरोध खुलाउने मुख्य जिम्मेवारी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको हो । तर एमालेको मागमा सहमत हुन सकिरहेका छैनन् । एमालेलाई पनि महिना दिनसम्म संसद अवरोध गरेको औचित्य पुष्टि गर्न कठिन भइराखेको छ ।

एमालेका संसदीय दलका उपनेता सुवास नेम्वाङ संसद अवरोध गर्नेले त्यसको औचित्य पुष्टि गर्नुपर्ने बताउँछन् । संसद अवरोध नियमसंगत र संविधानसम्मत नहुने उल्लेख गर्दै उनी भन्छन्, 'संसद अवरोध राजनीतिकरुपमा गरिने हुनाले यसको औचित्य पुष्टि गर्ने सम्बन्धित दलको जिम्मेवारी हो ।'

संविधानसभा अध्यक्ष र सभामुखसमेत भइसकेका नेम्वाङले शनिबार काभ्रेपलाञ्चोकको धुलिखेल पुगेर आफ्नै दलले गरिरहेको संसद् अवरोध संविधान र कानूनले नै बर्जित गरेको बताएका हुन् । एमालेले एक महिनादेखि संघीय संसदको दुवै सदन राष्ट्रियसभा र प्रतिनिधिसभा बैठक अवरुद्ध गर्दै आइरहेको छ ।

संसदमा अवरोध हुँदा बाढीपहिरो, लम्की स्किन, महंगी र मुल्यवृद्धिजस्ता नागरिकसँग प्रत्यक्ष जोडिएका विषयमा सांसदले सरकारको ध्यानाकर्षण गर्न पाएका छैनन् । कतिपय महत्वपूर्ण विधेयक पनि अड्किएका छन् ।

संसदीय प्रक्रिया नजिकबाट देख्ने, बुझ्ने र अभ्यास गरेका नेम्वाङले संसद अवरोधको एक महिनापछि आएर नियम, कानुन र संविधानले नदिए पनि एमालेले पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगारीमाथिको निर्भरता निरन्तर बढ्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ भदौ

नेपाल सरकारले उत्पादन वृद्धि, निर्यात प्रवर्द्धन, स्वरोजगार तथा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत आन्तरिक रोजगारी बढाउने बताए पनि वैदेशिक रोजगारमाथिका निर्भरता निरन्तर बढ्दै गएको देखिएको छ ।

नेपाल राष्ट्र बैंकले गत शुक्रबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार गत वर्ष वैदेशिक रोजगारीका लागि संस्थागत तथा व्यक्तिगत नयाँ श्रम स्वीकृति लिने नेपालीको संख्यामा ४०.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष संस्थागत तथा व्यक्तिगत नयाँ श्रम स्वीकृति लिने नेपालीको संख्या ४ लाख ९७ हजार ७ सय ४ जना रहेको थियो ।

त्यसैगरी वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्यामा ८ प्रतिशतले कमी आइ २ लाख ७७ हजार २ सय ७२ पुगेको छ ।

वैदेशिक रोजगारमा जाने नेपालीको संख्यामा वृद्धि हुँदा नेपाल आउने रेमिट्यान्समा पनि ठूलो वृद्धि भएको छ । गत वर्ष १२ खर्ब २० अर्ब ५६ करोड रेमिट्यान्स भित्रिएको थियो । जुन अघिल्लो वर्षको तुलनामा २१ दशमलव २ प्रतिशतले धेरै रहेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ ।

वैदेशिक रोजगार व्यवसायीले सरकारको वैदेशिक रोजगार सञ्चालन नीति अस्थिर र नियन्त्रणमुखी रहेका कारण खाडी तथा मलेसियाजस्ता नेपालका परम्परागत श्रम गन्तव्य मात्रै नभएर युरोपेली मुलुकहरूबाट आउनुपर्ने सबै मागपत्र आउन नसकेको बताइरहेका छन् । व्यवसायीले अपेक्षा गरेअनुसार मागपत्र प्रमाणित भएर आउने हो भने हाल वैदेशिक रोजगारमा गइरहेको संख्यामा ठूलो वृद्धि हुने र नेपाल भित्रिने रेमिट्यान्सको अंकमा पनि गुणात्मक परिवर्तन आउने उनीहरूको भनाइ छ ।

### पोर्चुगलमा दुई नेपाली युवाको निधन

**लिस्बन/रासस-** युरोपेली मुलुक पोर्चुगलमा दुई दिनमा दुई नेपाली युवाको निधन भएको छ । एक युवाले चार तलामाथिबाट हामफालेर आत्महत्या गरेका छन् भने अर्का नेपाली युवाको राति सुतेकै अवस्थामा निधन भएको छ ।

राजधानी लिस्बनस्थित सेतेरियोस बस्दै आएका झापाको गौरादह नगरपालिका-३ का ३१ वर्षीय अजय थापाले बिहीबार साँझ चार तलामाथि घरको झ्यालबाट हामफालेर आत्महत्या गरेको गैरआवासीय नेपाली सङ्घ पोर्चुगलका अध्यक्ष उमेश खड्काले जानकारी दिए । थापाले के कारणले हामफालेर आत्महत्या गरेका हुन् भन्ने विषय भने खुलिनसकेको अध्यक्ष खड्काले बताए ।

वैदेशिक रोजगारीका सिलसिलामा छ वर्षअघि पोर्चुगल आएका पृष्ठ २ मा

## बनिनसक्दै संकटमा मोर्चा

सत्ता सहकार्य बलियो बनाउने उद्देश्यले बनेको समाजवादी मोर्चा, नेपाल राम्रोसँग नचल्दै संकटमा परेको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २ भदौ ।

नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी सहित चार दल सम्मिलित समाजवादी मोर्चा, नेपालको बैठक आइतबार साँझ बस्दैछ । एकीकृत समाजवादीको केन्द्रीय मुख्यालयमा बस्ने बैठकले समसामयिक राजनीति र संगठनात्मक बिस्तारबारे छलफल गर्ने एजेण्डा रहेको मोर्चाका नेता जगनाथ खतिवडा बताउँछन् ।

'संसद् चल्न सकेको छैन । अरु राजनीतिक विषयमाथि पनि छलफल गर्नुपर्नेछ' खतिवडाले भने, 'मोर्चाको संगठन बिस्तारबारे पनि निर्णय हुनेछ ।' उनका अनुसार, मोर्चाको प्रदेश संगठन र जनसंगठनबारे छलफल हुँदैछ ।

संसदमा नरहेका नेत्रविक्रम चन्द बिप्लवलाई समेत समेटेर सत्तारुढ तीन दलले गएको ४ असारमा मोर्चा घोषणा गरेका थिए । उक्त मोर्चाको आलोपालो नेतृत्व गर्ने सहमति अनुसार, अहिले एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले अध्यक्षता गरिरहेका छन् ।

यसपछि प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, जसपा अध्यक्ष उपेन्द्र यादव र चन्दले आलोपालो नेतृत्व गर्ने सहमति छ । यो मोर्चालाई समयान्तरमा एउटै दल बनाउने उद्देश्यले बनाइएको समेत कतिपय नेताहरुले बताउने गरेका छन् । तर प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसका नेताहरुले भने अहिलेकै सत्ता गठबन्धनलाई थप कसिलो बनाउने मोर्चा बनेको हो ।

२-१० साउनमा बसेको कांग्रेस बैठकमा उपसभापति एवम् उपप्रधानमन्त्री पूर्णबहादुर खड्काले चार दलको मोर्चा सत्ता गठबन्धन जोगाउनकै निम्ति बनेको जानकारी दिएका थिए । सत्ता गठबन्धनबीच आलोपालो प्रधानमन्त्री बन्ने सहमति छ । त्यस बमोजिम प्रचण्डपछि माधवकुमार नेपाल र अन्तिममा शेरबहादुर देउवाले सरकारको नेतृत्व गर्ने सहमति छ । तर मोर्चा बनेको दुई महिना नपुग्दै मोर्चाकै दलहरुबीच खटपट बढेको छ । विशेषगरी जसपाका अध्यक्ष यादवले सरकारसँग असन्तुष्टि जनाएका छन् । गौर नरसंहारका पीडितहरुको जाहेरी अगाडि बढाउने सहमति प्रधानमन्त्री प्रचण्डले गरेपछि जसपाले असन्तुष्टि जनाएको छ । उक्त जाहेरीमा उपेन्द्रलाई मुख्य आरोपित मानिरहेको छ ।

सरकारको आलोपालोमा पनि आफू भन्दा सानो दल एकीकृत समाजवादीका अध्यक्षले प्रधानमन्त्री पाउने, तर आफूले नपाउने देखेकाले यादव अहिलेको सत्ता गठबन्धनमै रहिरहनेमा आशंका बढेको छ । कोशी र मधेश प्रदेशमा जसपाका नेताहरु सत्तारुढप्रति संशकित देखिएकाले पनि मोर्चाले पूर्णता पाइनसक्दै अप्ठ्यारोमा देखिन्छ । तर मोर्चाका नेताहरुले भने केही समस्या देखिएपनि संकट आउन नदिने बताउँदै आएका छन् ।

# श्री राम सुगर मिल्स यथास्थानमै सञ्चालन गर्न माग

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २ भदौ



उखु उत्पादक संघ रौतहटले श्री राम सुगर मिल्स लिमिटेडलाई यथास्थानमै सञ्चालन गर्नुपर्ने माग गर्दै गरुडामा वृहत किसान सभा गरेको छ ।

सभामा बोल्दै सहभागी राजनीतिक दलका नेताहरुले कुनै पनि हालतमा रौतहटबाट मिल जान नदिने बताए । मिल्सका सञ्चालक समितिले मिल्सको मेसिन लिलाम गरेपछि किसान आन्दोलित भएका हुन् । उद्योग बचाउन गरुडामा आयोजित सभाका प्रमुख अतिथि संघीय सांसद देवप्रसाद तिमल्सिनाले सबै राजनीतिक दलले मिलेर उद्योग बचाउन नसके स्व. गिरिजाप्रसाद प्रसाद कोइरालाको आत्माले सराप्ने बताए ।

संघीय सांसद किरण साहले सदन सडक दुबै ठाउँमा संघर्ष गर्न तयार रहेको बताए । नेकपा एसका स्थायी कमिटी सदस्य एवं पूर्वमन्त्री डा. वंशीधर मिश्रले मिल्सलाई बचाउन संघर्षको अलावा कुनै उपाय नरहेको सुझाव दिए ।

नेकपा एसका स्थायी कमिटी सदस्य पूर्व सांसद रामकुमार भट्टराईले उद्योग नास गरेर असी विगहा जग्गा प्लटिङ गरी बेच्ने सपना देखेका गोल्छा समुहको सपना पूरा नहुने बताए ।

गरुडाको मधेश प्रदेश सरकारका राज्यमन्त्री अवदुल कलाम अजाद फुलबाबुले श्रीराम सुगर मिल्स लिमिटेडको लिलामी रोक्न किसानको अवाजलाई सरकारले दबाउन नसक्ने बताए ।

मधेश प्रदेशका सांसद सुनिल कुमार यादव जितेन्द्रले सरकारले यो उद्योगलाई अनुदान दिएर पनि मिल्स सञ्चालनमा ल्याउन भूमिका खेल्नुपर्ने सुझाव दिए ।

सभामा पूर्वमन्त्री योगेन्द्र यादव, गरुडाका नगरप्रमुख कन्तमणि प्रसाद जयसवाल, वौधिमाई नगरप्रमुख प्रदिप कुमार यादव, वृन्दावन नगर प्रमुख विनोद पटेल, नेकपा एसका जिल्ला अध्यक्ष कमल यादव,नेकपा एमालेका मधेस प्रदेश सदस्य रामजी साहसहितले मन्तव्य राखेका थिए ।

# कतारमा रमाइलो तीज कार्यक्रम–२०२३ हुने

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २ भदौ



नेपाली नारीहरूको महान पर्व हरितालिका तीजको अवसर पारेर कतारमा बृहत् तीज सांस्कृतिक कार्यक्रम हुने भएको छ । नेपाली महिला समाज कतारको आयोजना, एनसीसी कतार महिला विभागको समन्वय तथा कतारमा स्थापित विभिन्न संघ संस्थाको सहआयोजना आगामी सेप्टेम्बर १५ मा 'रमाइलो तीज कार्यक्रम-२०२३' हुन लागेको हो ।

शुक्रबार राति महिला समाज कतारको आयोजनामा कतारमा स्थापित विभिन्न संघ संस्थाका प्रतिनिधिहरूबीच बृहत् छलफल गरी कार्यक्रमको रूपरेखा तयार पारिएको छ । छलफलबाट सहआयोजकका लागि कतारी रियाल दुई सय शुल्क तोकिएको छ भने सहआयोजक संस्थालाई दुई वटा पास उपलब्ध गराउने सहमति भएको छ । २५ कतारी रियाल टिकट शुल्क कायम गरिएको कार्यक्रममा महिलाका लागि प्रवेश निःशुल्क रहने छ ।

अल थुमामास्थित अटथलेन स्पोर्टस इभेन्टस हलमा हुने कार्यक्रमका लागि हालसम्म ३ दर्जनभन्दा बढी संघ संस्थाले सहआयोजकका लागि समन्वय गरिसकेका छन् । कार्यक्रममा सहआयोजक संस्थाको रूपमा समन्वय गर्ने अन्तिम मिति आगामी सेप्टेम्बर ९ सम्म रहेको छ । छलफल कार्यक्रममा एनसीसी कतारका अध्यक्ष रमेश भट्ट, महिला समाज अध्यक्ष सरिता भण्डारी पौडेल, कतारमा स्थापित सामाजिक तथा वैचारिक संस्था, जिल्ला संस्थाका अध्यक्ष तथा प्रतिनिधिसहित सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

# सांग्रिला डेभलपमेन्ट एशोसिएसनमा नयाँ नेतृत्व

**मध्यान्ह संवाददाता**
ललितपुर, २ भदौ



जिल्ला प्रशासन कार्यालय ललितपुरमा दर्ता भई मकवानपुर र जुम्लामा कार्यक्षेत्र बनाएर काम गर्दै आएको गैर-सरकारी संस्था सांग्रिला डेभलपमेन्ट एशोसिएसन दशौं वर्षमा प्रवेश गरेको छ ।

संस्थाले शनिबार ललितपुरको धोविघाटमा एक कार्यक्रमकाबीच नवौं वार्षिक साधारण सभा तथा सामाजिक लेखा परीक्षण सम्पन्न समेत गरेको छ । संस्थाका अध्यक्ष शरण मिजारको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर कैलाश गाउँपालिकाका अध्यक्ष लोक बहादुर मुक्तानको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि अध्यक्ष मुक्तानले विभिन्न चुनौतीका बाबजुद पनि सांग्रिलाले गाउँपालिकामा गरेको कामको प्रशंसा गरे । उनले स्थानीय सरकारको विकासमा गैरसरकारी संघसंस्थाको पनि महत्वपूर्ण भूमिका रहेको बताए । सांग्रिलाले गाउँपालिकामा रहेर स्वास्थ्य, शिक्षा, कृषि क्षेत्रमा गरेको कामप्रति उनले धन्यवाद समेत व्यक्त गरे ।

कार्यक्रममा कैलाश गाउँपालिकाका उपाध्यक्ष बाल कुमार मल्ल ठकुरीले गाउँपालिकामा रहेर सांग्रीलाले गरेको कामको प्रशंसा गर्दै अझ यसलाई बढाउन आग्रह गरे । उनले सांग्रीलाकै कारण गाउँमा सचेतना समेत बढ्न थालेको बताए ।

कैलाश गाउँपालिका वडा नं. ३,४ र ७ को प्रतिनिधित्व गर्दै वडा नं. ७ का अध्यक्ष उदासकुमार भोलनले सांग्रीला दशौं वर्षमा आइपुग्दा गाउँपालिकामा रहेर राम्रो काम गरेको बताए ।

कार्यक्रममा सांग्रीला अर्फानेज होमकी अध्यक्ष निता शाहीले सेवा गर्दा फलको आशा गर्न नहुने भन्दै संस्थालाई दिगो रुपमा अगाडि बढाउनुपर्नेमा जोड दिइन् ।

संस्थाका सचिव दशरथ घिमिरेले गत आर्थिक वर्ष २०७९/८० संस्थाको प्रगति प्रतिवेदनका साथै भावी कार्य योजना प्रस्तुत गरेका थिए भने कोषाध्यक्ष रिता कँडेलले गत आर्थिक वर्ष २०७९/८० को आयव्यय विवरण प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा अध्यक्ष शरण मिजारले आगामी दिनमा संस्थाले स्थानीय सरकारकासँग साझेदारी गर्दै काम गर्ने बताए ।

कार्यक्रममा संस्थाका मकवानपुर र जुम्लाका फिल्ड संयोजक र परियोजना संयोजकहरुले आर्थिक वर्ष २०७९/८० मा भएका कामको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

यस्तै वार्षिक साधारणसभाले प्रकृति भण्डारीको नेतृत्वमा नयाँ कार्य समिति चयन गरेको छ । संस्थाको उपाध्यक्षमा तारा कार्की, सचिवमा दशरथ घिमिरे र कोषाध्यक्षमा रिता कँडेल चयन भएकी छन् । यस्तै सदस्यहरुमा शरण मिजार, विकास तिमल्सिना र जगदीश्वर उपाध्याय चयन भएका छन् ।

कार्यक्रममा विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि, संस्थाका साधारण सदस्य लगायतको उल्लेख्य सहभागिता रहेको थियो । सन् २०१४ सालमा स्थापना भएको सांग्रिला डेभलपमेन्ट एशोसिएसनले जुम्लामा बहिरा बालबालिका र मकवानपुरमा स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रमा काम गर्दै आएको छ ।

**परवानीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लिपनीमाल, बारा
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः– २०८०/०५/०२ गते

यस परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बारामा रितपूर्वक दर्ता हुन आएको तपसिल बमोजिमको बोलपत्र मुल्याङ्कन समितिको सिफारिस अनुसार सारभुत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः–

| सि. नं. | विवरण | कामको विवरण | छनौट भएको बोलपत्रदाता/व्यक्ति | स्वीकृत रकम (मु.अ.क.बाहेक) |
|---|---|---|---|---|
| 1 | 1 | PRM/001/2080/081 (जडिबुटी, कवाडी तथा जीवजन्तु कर संकलन सम्बन्धी ठेक्का) | अनिरुद्र प्रसाद, परवानीपुर गा.पा.-०५, बारा | 45,99,999/- |

प्रमुख प्रशासकीय अधिकृत

### बजेटमा...

प्रतिपक्ष बेन्चमा छन् । प्रदेशसभामा सत्ता गठबन्धनका सबै सांसदले उपस्थिती जनाए सरकारलाई बहुमत पुग्नेछ ।

नेताहरुका अनुसार तथापि, सभामुख लिन प्रतिपक्षी दलहरु अझै तयार भएका छैनन् । कुनै पनि बेला सरकार ढाल्नका लागि सभामुख पद लिंदा अप्ठ्यारो हुने बुझाइ प्रतिपक्षी दलहरुको छ । सत्तारुढ दलले सभामुख पद लिएको दिन सरकार अल्पमतमा पर्नेछ । यसकारण सभामुख पद फेरि पनि कसले लिने भन्नेमा अन्योलता कायमै छ ।

### संसद...

संसद अवरुद्ध गरिरहेको बताए । तर, सरकारले कुरा नसुनेपछि राजनीतिक रुपमा संसद अवरुद्ध गर्नुपरेको तर्क उपनेता नेम्वाङको छ ।

शनिवार नै केन्द्रीय कार्यालय कोटेश्वरस्थित पेरिसडाँडामा पुगेर प्रधानमन्त्री प्रचण्डले आइतबार संसद खुल्नेमा आशावादी रहेको बताए । 'हिजोमात्रै बालुवाटारमा सभामुखसँग छलफल गरेँ' उनले भने, 'आशा गरिएको छ भोलि खुल्छ ।'

एक महिनादेखि संसद् बैठक अवरुद्ध भएपछि राष्ट्रपति रामचन्द्र पौडेलले नै खुलाउन पहल गरेका छन् । उनले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई अग्रसरता लिन आग्रह मात्रै गरेका छैनन् । प्रधानमन्त्री प्रचण्ड,, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनासँग पनि भेट गरिसकेका छन ।

विगतमा पनि संसद् अवरुद्धमा गर्ने रेकर्ड एमालेकै नाममा छ । ५७ दिनसम्म बैठक अवरुद्ध गरेको आफ्नै रेकर्ड एमालेले आफैं तोडेको थियो । आफ्नो पार्टी विभाजन भएर माधवकुमार नेपालले नेकपा (एकीकृत समाजवादी) पार्टी गठन गरेपछि एमालेले २०७८ भदौदेखि २०७९ जेठसम्म नौ महिना बैठक अवरुद्ध गरेको थियो । यसपटक साउन १० यता एमालेले प्रतिनिधि सभाको बैठकलाई कार्यसूचीमा प्रवेश गर्न दिएको छैन ।

### पोर्चुगलमा...

थापा पछिल्लो समय खाना डेलिभरी गर्ने कम्पनी उबर इटमा काम गर्दै आएका थिए । परिवारसहित पोर्चुगल बस्दै आएका थापाको शव परीक्षणका लागि लिस्बनस्थित एक अस्पतालको शवगृहमा राखिएको उनले बताए ।

यस्तै वैदेशिक रोजगारीका सिलसिलामा पाँच वर्षअघि पोर्चुगल आएका बागलुङ जिल्ला बडिगाड गाँउपालिका-१ का २८ वर्षीय टेकबहादुर दर्लामीमगरको सुतेकै अवस्थामा मृत्यु भएको छ । बेजास्थित जम्बुजिरा बस्दै आएका दर्लामीमगरको बुधबार राति सुतेकै अवस्थामा निधन भएको संघका अध्यक्ष खड्काले जानकारी दिए ।

खड्काका अनुसार राति खाना खाएर सुतेका उनी बिहान नउठेपछि उनका साथीहरू उठाउन जाँदा दर्लामीमगर ओछ्यानमै मृतावस्थामा भेटिएका थिए । सकुशल सुतेका साथी मृत भेटिएपछि उनीहरूले तत्काल प्रहरीलाई खबर गरेका थिए । मृतक दर्लामीमगर त्यहाँस्थित मारभिल्ला नामक कृषि कम्पनीमा कार्यरत थिए । उनको शव परीक्षणका लागि बेजा अस्पतालको शवगृहमा राखिएको उनले बताए । दर्लामीमगरको वृद्ध बुवाआमा र श्रीमती नेपालमा रहेका छन् ।

निधन भएका दुवै नेपालीको शव नेपाल पठाउन मृतकका परिवारले आग्रह गरेका कारण सो विषयमा छलफल र आवश्यक तयारी भइरहेको खड्काले बताए ।

**भीमेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
चरिकोट, दोलखा, बागमती प्रदेश, नेपाल ।

**आय सङ्कलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०५/०३
E-Bidding Only (ई-बिडिङ मात्र)

१. यस नगरपालिकाको तपसिल बमोजिमको क्षेत्रमा बागमती प्रदेशको प्रदेश आर्थिक ऐन २०८० अनुसार आ.व. २०८०/०८१ का लागि ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा र बालुवाको शुल्कबाट प्राप्त हुने आय सङ्कलन गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको सर्तहरूको अधिनमा रहेर रीतपूर्वकको बोलपत्र E–biding (www.bolpatra.gov.np/egp) को माध्यमबाट पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।
२. यस सम्वन्धी विस्तृत सूचना www.bolpatra.gov.np/egp को Bid Document र www.bhimeshwormun.gov.np मा हेर्न सकिने छ ।
३. रीतपूर्वक पेस भएका बोलपत्रहरूमध्ये उच्च रकम कबोल गर्ने बोलपत्र स्वीकृत गरिने छ ।
४. विस्तृत जानकारीका लागि भीमेश्वर नगरपालिकामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

| क्र.सं. | आन्तरिक आय ठेक्का नं. | ठेक्का क्षेत्र/स्थल | परिमाण (घन मी.मा) | न्यूनतम रकम रु. (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दर्ता गर्ने मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | BMP/NCB/GOODS-Revenue/2080-81/E/01 | नागदह बगर क्षेत्र, भी.न.पा.-२ | १८८८ | ६,००,३८४/- | १,०००/- | १८,०००/- | २०८०/६/०२ गते दिनको १२ बजेभित्र | २०८०/६/०२ गते दिनको १ बजे |
| २. | BMP/NCB/GOODS-Revenue /2080-81/E/02 | मच्याङ्खोला बगर क्षेत्र, भी.न.पा.-२ | २००० | ६,३६,०००/- | १,०००/- | १९,०००/- | | |
| ३. | BMP/NCB/GOODS-Revenue /2080-81/E/03 | ओखे सत्तरे गोलाइ बगर क्षेत्र र भाङ्गे खोला बगर क्षेत्र, भी.न.पा.-५ | १९१५ र ८४९८ | ३३,११,३३४/- | ३,०००/- | ९९,०००/- | | |
| ४. | BMP/NCB/GOODS-Revenue /2080-81/E/04 | ठूलोबगर क्षेत्र, भी.न.पा.-५ | ३७९३ | १२,०६,१७४/- | १,०००/- | ३६,०००/- | | |

# अवैध संरचना हटाउन भेरीगंगा नगरपालिकालाई सकस

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २ भदौ



रत्न राजमार्ग अन्तर्गत भेरीगंगाको छिन्चु सडकमा राखिएका निर्माण सामग्री, मालसामान तथा अनावश्यक पार्किङ गरी राखिएका सवारी साधनहरू हटाउनेसम्बन्धी नगरपालिकाले जारी गरेको सूचनाको बेवास्ता गरिएको छ। नगरपालिकाले बारम्बार सूचना जारी गरेर हटाउनका लागि ताकेता गरे पनि व्यवसायी तथा स्थानीयहरूले सडकमा भएका विभिन्न सामान हटाउन अटेरी गरेका हुन्।

नगरपालिकाले गत वर्ष २०७९ माघ ९ गते पहिलो पटक सूचना जारी गर्दै भेरीगंगा नगरपालिका अन्तर्गत रत्न राजमार्गको सम्पूर्ण क्षेत्र तथा छिन्चु बजारको इलाका प्रहरी कार्यालयदेखि छिन्चुखोला पुलसम्मको सडकमा भएका कुनै पनि निर्माण सामग्री मालसामान तथा लामो समयदेखि पार्किङ गरेर राखेका सवारी साधन ७ दिनभित्र हटाउन आग्रह गरेको थियो।

तर नगरपालिकाको उक्त सूचनाको अधिकांशले वास्ता गरेनन्। सूचनामा भनिएको थियो, '७ दिनभित्र ती सामानहरू नहटाई बाटो अवरुद्ध भएको पाइएमा नगरपालिकाले अनुगमन गरी कारबाही गर्नेछ।' नगरपालिकाले कारबाही गर्ने भने पनि कारबाही भने अहिलेसम्म गरेको छैन। नगरपालिकाले थप सूचना जारी गर्दै ताकेता गरिरहेको छ। नगरपालिकाले पुनः २०७९ फागुन ३ मा अर्को सूचना जारी गरेर नगरपालिकाको निर्णय कार्यान्वयन गर्न ताकेता गरेको हो।

पहिलो पटक जारी गरिएको सूचनामा सामानहरू नहटाएको हुँदा दोस्रो पटक सूचना जारी गरिएको थियो। दोस्रो सूचनाको पनि अटेरी गरेर ५ दिनभित्र सामान नहटाएमा नगरपालिकाले अनुगमन गरी उक्त सामान जफत गरी नियमअनुसार कारबाही गर्ने जनाइएको थियो

यस्तै फेरि नगरपालिकाले साउन २६ मा पनि सोही सूचना जारी गऱ्यो। नगरपालिकाले बारम्बार सूचना जारी गरेपछि यतिबेला सामाजिक सञ्जालमा नगरपालिकामाथि विभिन्न प्रश्न उठेका छन् भने आलोचना पनि भइरहेको छ। उनीहरूले सूचना मात्र नभई विभिन्न साधनहरू समेत हटाउन पहल गर्नुपर्ने माग गरेका छन्।

छिन्चु खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष धर्मराज खड्काले सोही विषयमा सामाजिक सञ्जालमा लेखेका छन्, 'आदरणीय भेरीगंगा नगरपालिका सुर्खेतका नगरप्रमुखज्यू हजुरले शुरुमा सूचना सार्वजनिक गर्दा (नीति, विधि र प्रविधि) बाट मैले अब केही हुन्छ कि भनेर धन्यवाद र राम्रो कामका लागि शुभकामना पनि दिएको थिएँ। तर काम भएन ? अहिलेको तेस्रो सूचनामा नाम पो फेरियो ? तर हजुरहरू यहाँको रैथाने भएकाले राम्रोसँग थाहा होला २०२९ सालको सर्भे नापीमा यस महत्वपूर्ण मुख्य सडकको दायाँबायाँ थुप्रै ठाउँहरूमा अतिक्रमण पनि छ जुन खाली गर्नुपर्ने दायित्व स्थानीय सरकारको होइन ?'

यसअघिका दुई वटा सूचनामा नगरप्रमुख यज्ञप्रसाद ढकालको हस्ताक्षर थियो भने यस पटकको अर्थात तेस्रो सूचनामा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद पोखेलको हस्ताक्षर छ।

यसबारेमा थप बुझ्न खोज्दा नगरप्रमुख ढकालले नगरपालिकाले विभिन्न संरचनाहरू हटाउँदै गएको मध्यान्हलाई बताए। उनले नगरपालिकाले पहिलो पटक सूचना जारी गरेपछि विभिन्न संरचनाहरू आफैं हटाएको र नगरपालिकाले पनि 'एक्सन'का साथ अगाडि बढेको बताए।

मध्यान्ह दैनिकको नगरपालिकाले बारम्बार सूचना मात्रै जारी गर्ने हो कि केही एक्सनमा पनि जाने हो भन्ने प्रश्न गर्दा उनले नगरपालिका पहिलेदेखि नै एक्सनमा गएको बताए। 'हामीले पहिलो पटक सूचना जारी गऱ्यौं, त्यतिबेला धेरैले विभिन्न सामानहरू हटाउनुभयो, कतिले अटेर गर्नुभयो, हामीले भोलिपल्ट डोजर लिएर आउँछौं भन्ने बित्तिकै रातारात सामान तथा साधनहरू हटाउनुभयो,' उनले भने, 'नगरपालिका एक्सनमै गएको छ, अब अन्तिम पटक सूचना जारी गरेका छौं, आफैं हटाएमा ठिकै छ, नहटाएमा हामी अनुगमन गरी सामान जफत गर्छौं। अहिले फोरलेन सडक बनाइँदै छ, सकेसम्म उहाँहरू आफैं हटाइहाल्नु हुन्छ होला।'

उनले राजमार्गमा भएका संरचना सबै हटाइसकिएको र भित्री सडकमा भएका केही व्यवसायीले सूचनाको अटेर गरेको बताए। उनले कतिले सूचना जारी गरेको समेत थाहा नपाउँदा पनि आफ्ना सामानहरू नहटाएको बताए।

# बज्जिकाञ्चल दैनिक तेस्रो वर्षमा प्रवेश

**रौतहट/मस-** रौतहटबाट प्रकाशन हुँदै आएको बज्जिकाञ्चल दैनिक पत्रिका शुक्रबार दोस्रो वर्ष पार गरी तेस्रो वर्षमा प्रवेश गरेको छ। बज्जिकाञ्चल मिडिया प्रा.लि.द्वारा सञ्चालित बज्जिकाञ्चल दैनिक पत्रिकाले आफनो स्थापना दिवस जिल्लाको कटहरियास्थित विवाह भवनको सभा हलमा एक कार्यक्रमबीच मनाएको हो।

पत्रिका प्रकाशक एवम् संस्थापक अध्यक्ष राजुकुमार श्रीवास्तवको अध्यक्षता, कटहरिया नगरपालिकाका नगर उपप्रमुख रिता देबी यादवको प्रमुख आतिथ्यता र देवाही गोनाही नगरपालिकाका नगर प्रमुख प्रेमलाल साह कानुको विशेष आतिथ्यतामा भएको सो कार्यक्रममा साहित्यकार रेणु गुप्ताले स्वागत मन्तव्य र बाज्जिका साहित्यकार किशुनदयाल प्रसाद यादव, बाज्जिका भाषाका संरक्षक, विज्ञ, साहित्यकार एवम् शिक्षक संजय साह मित्र, कटहरिया वडा नम्बर ३ का पूर्व वार्ड अध्यक्ष उमेश यादव, वर्तमान वडा अध्यक्ष श्यामाकान्त यादव, इप्रका कटहरियाका प्रतिनिधि, मौलापुर एफएमका समाचार प्रमुख सागर संगम ठाकुर, पत्रकार दिपेन्द्र रजक, रामप्रबेश बैठालगायतले शुभकामना मन्तव्य दिएका थिए।

कार्यक्रममा विशेष अतिथि देवाही गोनाही नगरपालिकाका नगरप्रमुख प्रेमलाल साह कानुले पत्रिकाको उतरोतर प्रगतिको शुभकामना दिँदै पत्रिकाको विकासका लागि चौतर्फीरुपमा सहयोग गर्नुपर्नेमा जोड दिए।


## Himshikhar Multiple Campus
**Bheriganga 11, Surkhet**
**Ramghat Surkhet**
**Karnali Province**

## Invitation For Bids

**Date Of Publication: 2080/05/03 (2023/08/20)**

Himsikhar Multiple Campus Ramghat-11 , Surkhet invites electronic bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Security Amount (NRs) | Bid Validity Period | Estimated Amount Without VAT (NRs.) | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | HMC/NCB/ 2080/081-01 | Himsikhar Multiple Campus Class Room Building Construction | 150,000.0 | 90 days | 6035887.95 | 3000.00 | Sealed Bid |

**Further Information to bidders;**

| | For Sealed Bid |
|---|---|
| **Last date and time of Purchase of Bid Document** | 2080/06/01 (2023/09/18); upto 5:00PM |
| **Last date and time of Bid Submission** | 2080/06/02 (2023/09/19); upto 12:00 Noon |
| **Date, Time and Place of Bid Opening** | 2080/06/02 (2023/09/19); at 1:00 PM, At Bheriganga Municipality Office, Chhinchu, Surkhet |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. for Bid Document Purchase** | Krishi Bikash Bank, Chhinchu Branch, A/c No.: 0721001043649016 (Himsikhar Bahumukhi campus (mention purpose of deposit stating contract No. clearly) |
| **Account No. for Bid Security Deposit** | Krishi Bikash Bank, Chhinchu Branch, A/c No.: 0721001043649016 or Bank Guarantee issued by A class commercial Bank in the name of Himsikhar bahumukhi Campus Bheriganga -11 Ramghat Surkhet. (mention purpose of deposit stating Contract Identification No. clearly) |

1. Bidderds shall submit their Bids electronically only no any hard copy will be entertained. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Bheriganga Municipality Office, Chhinchu, Surkhet; Contact No: 083-540154 / 9858050415.
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.
3. Other mandatory informtion as per PPA and PPR.

**Campus Chief**


# लेकालीलाई नेपाल इन्टरनेशनल एक्सिलेन्ट अवार्ड




**काठमाडौं/मस-** नेपाल-बांगलादेश मैत्री संघको आयोजना र दिपायल/सिलगढी नगरपालिकाको प्रवर्द्धनमा नेपाल पर्यटन बोर्डमा आयोजित 'नेपाल इन्टरनेशनल एक्सिलेन्ट अवार्ड' कार्यक्रममा नेपाल, भारत र बांगलादेशका स्रष्टाहरु सम्मानित भएका छन्।

दिपायल/सिलगढी नगरपालिकाका मेयर बाजीसिंह खड्काको सभापतित्वमा आयोजित सो कार्यक्रममा सम्मानित स्रष्टाहरुलाई कार्यक्रमका प्रमुख अतिथि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय शरतसिंह भण्डारीले अवार्ड प्रदान गरेका थिए।

सोही कार्यक्रममा साहित्यिक पत्रकार संघका अध्यक्ष तथा अन्तरराष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय पूर्व अध्यक्ष साहित्यकार राधेश्याम लेकाली सम्मानित भएका छन्। उनलाई प्रमुख अतिथि मन्त्री भण्डारीले 'नेपाल इन्टरनेशनल एक्सिलेन्ट अवार्ड' प्रदान गरे भने मेयर बाजीसिंहले मायाको चिनो प्रदान गरे। यो अवार्ड नेपाल, भारत र बांगलादेशका विशिष्ट व्यक्तित्वहरुलाई प्रदान गर्ने अन्तर्राष्ट्रिय अवार्ड हो।

कार्यक्रममा नेपाल-बांगलादेश मैत्री संघका अध्यक्ष दिनदयाल रिजालले कार्यक्रमको उद्देश्य र महत्वमाथि प्रकाश पारेका थिए। कार्यक्रममा प्रमुख अतिथि मन्त्री भण्डारी, अध्यक्ष मेयर बाजिसिंह, सम्मानित राधेश्याम लेकालीलगायतले आ-आफ्नो मन्तव्य राखेका थिए। कार्यक्रममा कविहरु शिव अधिकारी, सरु गौतमले आ-आफ्नो कविता वाचन गरेका थिए भने कार्यक्रमको सञ्चालन सखी प्रतिष्ठानकी अध्यक्ष कवि मन्जिला अनिलले गरेकी थिइन्।


## बलान बिहुल गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
**मल्हनियाँ, सप्तरी, मधेश प्रदेश, नेपाल**

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरुः**

**विगत केही दिनदेखी समुदायमा व्यापक रुपमा आँखा पाक्ने रोग फैलिइरहेकाले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ ।**

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरूः**

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरै चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टासिने ।
- आँखाबाट आसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने / बिझाउने ।
- घाम तथा उज्यालो प्रकासमा हेर्न समस्या हुने ।






**आँखा पाक्ने रोगबाट बच्ने उपायहरू**

- जथाभावी रुपमा आँखा नछुने / आँखा छुनु भन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया / रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**आँखा पाक्ने रोग लागिहालेमा के गर्ने :**

- पटक पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा घुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।



**सामान्यतया यो रोग १ हप्ता भित्रमा आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थामा गइ स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ ।**



## Invitation for Bids
## Office of Dipayal Silgadhi Municipal Executive
**Silgadhi, Doti**

**Invitation for Bids for the Construction of Sunadevi Secondary School Building Project**

**Contract Identification No: NCB/DSNP/01/080/081**

**Date of publication: 20th August 2023 (2080/05/03) 10:00 AM**

1. Dipayal Silgadhi Municipality Office **has received a grant** from **GoN** towards the cost of construction of Sunadevi Secondary School Building Project, Ladagadha-08, Doti and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible as per Section V of bidding document.. Dipayal Silgadhi Municipality Office invites electronic bids from eligible bidders for the **construction of Sunadevi Secondary School Building Project, Ladagadha-08, Doti of Dipayal Silgadhi Municipal Executive** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
2. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   • Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **[ Nrs. 16 Millions ]**
   • Minimum Work experience of similar size and nature: **[One (1) Contract of RCC Framed Building Construction work structure with Sanitary and Electrical Fittings ithin the last ten (10) years with a value of at least Nrs. 7.1 Millions Excluding VAT]**
   • **For Further qualifications Bid Document Should be Referred**
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dipayal Silgadhi Municipality, Silgadhi, Doti, Email: info@dipayalsilgadhimun.gov.np, Contact No: 094-411095 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder should submit their bid electronically only and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit Nrs. 5000 the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank, SilgadhiDoti
   Name of Office: Office of Dipayal Silgadhi Municipal Executive
   Office Account no.: 4100100301010004
6. Pre-bid meeting shall be held at Dipayal Silgadhi Municipality Office Silgadhi, Doti at 10th September 2023 (2080/05/24 B.S.) at 2:00 PM.
7. Electronic bids must be submitted to the office Dipayal Silgadhi Municipality Office Silgadhi, Doti through PPMO website www.bolpatra.gov.np. on or before 12:00 PM on 19th September 2023 (2080/06/02 B.S.). Bids received after this deadline will be rejected.
8. The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 19th September 2023 (2080/06/02 B.S.). at the office of Dipayal Silgadhi Municipality Office Silgadhi, Doti. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of 4,90,000/- (Four Lakhs NintyThousand Only), which shall be valid for 30 days beyond the validity period of the bid. If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in Deposit account No.: 4100100303000004 of Office of Dipayal Silgadhi Municipality, Doti at Rastriya Banijya Bank, Silgadhi and submit the receipt of the deposited amount of cash along the bid or scanned PDF copy in case of e-submission
9. Office of Dipayal Silgadhi Municipal Executive , Silgadhi, Doti reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
10. In Case of Discrepency or error in Tender notice, bid document and other document Construction of Administrative block of Office of Dipayal Silgadhi Municipal Executive reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Dipayal Silgadhi Municipality Office, Silgadhi, Doti.

| Contract No. | Description of Works | Bid Security Amount | Bid Document Fee (Nrs.) | Remarks |
|---|---|---|---|---|
| IFB No. – NCB/ DSNP/01/080/081 | Construction of Sunadevi Secondary School Building Project, Ladagadha-08, Doti | 4,90,000/- | 5,000/- | Hard copy not acceptable |

**Chief Administrator Officer**





मध्यान्ह
www.madhyanhadaily.com
३ भदौ २०८०, आइतबार
20 August 2023, Sunday

सम्पादकीय

## सरकारको प्रतिबद्धताप्रति आशंका


नेपाल प्रहरीका एआईजीहरूको सरुवा विवादित बनेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले एआईजीहरूको सरुवा गर्दा उपत्यका प्रहरी कार्यालयका प्रमुख डा.मनोज केसीको पनि जिम्मेवारी फेरियो । चाढे चार महिना अगाडि मात्रै उपत्यका प्रहरी प्रमुखको जिम्मेवारी पाएका केसीले नक्कली भुटानी शरणार्थी प्रकरणको मुद्दाको अनुसन्धानमा अगुवाइ गरेका थिए । उनकै अगुवाइमा नेपाली कांग्रेसका नेता एवम् पूर्व गृहमन्त्री बालकृष्ण खाँण, नेकपा एमालेका सचिव टोपबहादुर रायमाझी र बहालवाला सचिव टेकनारायण पाण्डे जस्ता उच्च तहका व्यक्ति पक्राउ परेका थिए । तर उक्त प्रकरणमा थप १८ जनाको जाहेरी उपत्यका प्रहरी कार्यालयमा दर्ता गरिएपछि सरकारले केसीको सरुवा गरे । केसीको ठाउँमा दीपक थापा आएका छन् । अरू एआईजीहरूको पनि सरुवा भयो ।

तर यति छोटो अवधिमा भएको एआईजीहरू सरुवाको पछाडि भुटानी नक्कली शरणार्थी प्रकरणमा थप जाहेरी लिने डा.केसीको सरुवालाई विशेष चासोका साथ हेरिएको छ । अझ प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको दबावमा यो सरुवा भएको आशंका गरिएको छ । देउवाले दबाव दिएको दाबीलाई बल पुग्ने तथ्य यसअघि सार्वजनिक भएको थियो । देउवा पत्नी एवम् कांग्रेस नेता आरजु राणा र भुटानी शरणार्थी प्रकरणमा संलग्न व्यक्तिबीच कुराकानी भएको अडियो प्रहरीले पुष्टि गरिसकेको छ । तर आरजुलाई अनुसन्धानको घेरामा ल्याइएको थिएन । यस्तो बेला थप पीडितको जाहेरी लिदा आरजु तानिन सक्ने संभावना भएकैले उच्च प्रहरी अधिकारीहरूको सरुवा गरिएको आशंकालाई बल पुग्छ ।

यदि तथ्य आशंका जस्तो नभएपनि सरकारको नियतमाथि भने पक्कै प्रश्न उठ्नेछ । आमनागरिक र प्रतिपक्षी दलहरूमा समेत सरकारले निष्पक्ष छानबीन गरिरहेको छैन भन्ने पर्न सक्छ । त्यसैपनि अवैध सुन बरामद प्रकरणमा सरकारको अनुसन्धानलाई विश्वास नगरी प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले तीन सातादेखि संघीय संसद चल्न दिएको छैन । गृहमन्त्री नारायणकाजी श्रेष्ठको राजीनामा मागेर एमालेले उच्च स्तरीय छानबीन आयोग गठनको माग राखिरहेको छ । त्यस्तै बेला अर्को प्रकरणको छानबीन गर्ने प्रहरीका उच्च अधिकारीहरूको सरुवाले आशंकालाई बल पुग्छ । त्यति मात्रै नभएर सुशासनप्रति सरकारको निष्पक्षतामाथि समेत प्रश्न उठ्छ । दोषीलाई कानूनी कठघरामा उभ्याउने नभएर आफ्नोलाई जोगाएर सरकारले सुशासनको कमद चालिरहेको छ भन्ने सन्देश जानुले सरकारप्रति विश्वासनीयता बढ्दैन ।

# विद्यालय शिक्षाका चुनौती र समाधान

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल

विद्यालय शिक्षाको अर्थ, बालविकास, आधारभूत तह कक्षा १ देखि ८ सम्मको शिक्षा र माध्यमिक तह (कक्षा ९-१२)सम्मको शिक्षा बुझिन्छ। बालविकास तथा आधारभूत तहमा अध्ययन गर्ने कुल विद्यार्थीहरू ५२ लाखमध्ये माध्यमिक तह (कक्षा ९-१०)मा १० लाख ७९ हजार तीन सय ६३ (१५.२२%)को भर्ना निरन्तरता हुने अवस्था देखाउँछ। त्यसरी नै माध्यमिक तह (कक्षा ११-१२)मा छ लाख ८७ हजार छ सय १६ (९.६९%) विद्यार्थीहरू मात्र विद्यालय शिक्षाको पहुँचमा रहेको देखिन्छ। यसरी समीक्षा गर्दा माध्यमिक तह (कक्षा ९-१२)मा ५४.३ प्रतिशत विद्यार्थी मात्र विद्यालयमा पुग्ने र ४३.७ प्रतिशत बाहिर हुने तथ्यांकले देखाउँछ। समग्रमा माध्यमिक तह कक्षा १० मा ६६.१ प्रतिशत, कक्षा १२ मा पुग्दा २९ प्रतिशत विद्यार्थी मात्र माध्यमिक तहको अन्तिम शिक्षामा भर्ना हुने र ७१ प्रतिशत विद्यार्थी हराउने डरलाग्दो अवस्था छ। कुल कक्षा ११ तथा १२ को शिक्षाका लागि तोकिएको उमेर र शैक्षिक योग्यता भएका २९ प्रतिशत विद्यार्थी मात्र माध्यमिक तहको अन्तिम शिक्षामा भर्ना भई कक्षा १२ को परीक्षामा सहभागी हुने अवस्था रहेछ।

### ■ शिक्षक व्यवस्थापनमा समस्या

नेपालको शिक्षा प्रणालीमा सरकारी तथा निजी तहबाट माध्यमिक तह (कक्षा ९-१०) मा ४९ हजार ५ सय ७१, माध्यमिक तह (कक्षा ११-१२) मा १२ हजार ४१ शिक्षक कार्यरत छन्। महिला शिक्षक अनुपात माध्यमिक तहमा २०.४ प्रतिशत छ। सामुदायिक शिक्षाको प्रबन्ध गर्दा कक्षा नौदेखि १२ सम्म कक्षा शुल्क निःशुल्क, कक्षा एकदेखि १२ सम्म पाठ्यपुस्तक निःशुल्क उपलब्ध छ।

साथै, छदेखि बाह्र कक्षाका छात्राका लागि स्यानिटरी प्याड निःशुल्क उपलब्ध दिने व्यवस्था छ। विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था गरिएको छ। प्रति विद्यार्थीका आधारमा विद्यालयलाई दिइने सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्रीका लागि रकम दिइन्छ। संस्थागत क्षमता विकास, परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्यांकनमा सरकारको सहयोग रहने गरेको छ। तथापी, सामुदायिक शिक्षाप्रति जनविश्वास नहुनु र सबै बालबालिकाको पहुँच नपुग्नु मुख्य समस्या बनेको छ।

### ■ सञ्चालित विद्यालयका प्रकृति

नेपालमा पूर्ण सरकारी लगानीका विद्यालय, गैरनाफामूलक सामुदायिक लगानीका शैक्षिक संस्थाहरु, निजी व्यवस्थापनका शैक्षिक उद्योग कम्पनीका रूपमा सञ्चालित संस्थाहरु रहेका छन्। माध्यमिक विद्यालय शिक्षामा दुई तहमा पाठ्यक्रम वर्गीकृतअनुसार कक्षा ९ र १० मा पढाउने तथा कक्षा ११ र १२ मा पढाउने शिक्षकहरूसमेत छन्। माध्यमिक तहमा कक्षा २+२ गरी कक्षा ९ देखि १२ सम्म माध्यमिक शिक्षा (९-१२ कक्षा)को व्यवस्था गरिएको छ।

साथै, साधारण माध्यमिक शिक्षा (९-१२ कक्षा), प्राविधिक माध्यमिक शिक्षा (९-१२ कक्षा), संस्कृत माध्यमिक शिक्षा (९-१२ कक्षा) तथा वैकल्पिक शिक्षाको प्रबन्ध गरिएको छ। वैकल्पिकरूपका विद्यालयहरू (रात्री विद्यालय, गुरुकूल/आश्रम, गुम्बा/बिहार, मदरसा, चर्च तथा खुला शिक्षा विद्यालय)का हैसियतमा सञ्चालित छन्। भनिन्छ, नेपालमा धनी र गरीबका लागि छुट्टाछुट्टै विद्यालय हुनु नै दुःखद र मूल समस्या देखिन्छ।

### ■ सरकारी लगानी नीति र सिर्जित समस्याहरू

विद्यालय शिक्षामा वैज्ञानिकरूपमा सर्वप्रथम राष्ट्रिय शिक्षा ऐन, २०२८ बाट शिक्षकको तलब भत्ताको व्यवस्था थालनी हुन्छ। त्यतिबेला प्राथमिक तहको शिक्षा, संस्कृत माध्यमिक शिक्षामा पूर्ण सरकारी लगानी थियो। साथै, निम्न माध्यमिक तथा माध्यमिक व्यावसायिक विद्यालयका शिक्षकको ७५ प्रतिशत तलवभत्ता सरकारी हुने प्रतिबद्धता थियो। तर, साधारण माध्यमिक विद्यालयका शिक्षकको तलवभत्ता सरकारले व्यहोर्ने ५० प्रतिशत र ५० प्रतिशत विद्यालयले शुल्कबाट पूर्ति गर्नु पर्दथ्यो। (२०२८-०३२ )को नीति योजना कार्यान्वयन हुँदाको अवस्था थियो। पञ्चायती शासनपछिको समयमा सामुदायिक शिक्षा सुदृढीकरण र विकासका नाममा जनतालाई राहत दिने निउँमा विद्यालयका शिक्षकको तलब भत्ता सरकारले व्यहोर्ने नीति लियो। जनतालाई मासिक शुल्करहित शिक्षा र शिक्षकलाई पूर्णसरकारी तलबको न्यायको प्रबन्ध गरियो।



*सार्वजनिक शिक्षामा नहुनु पर्ने कार्य सबै भए, तर हुनुपर्ने कार्य भएनन् । सरकारी लगानीका सामुदायिक विद्यालयहरुबाट दिइने शिक्षा गुणस्तरीय रहेन । आर्थिक लगानी गर्न नसक्ने गरिब जनताका लागि भुलाउने स्तरहिन शिक्षा भन्ने भाष्य पनि समाजमा स्थापित हुँदै गयो । संविधानमा विद्यालय शिक्षालाई निःशुल्क र सबैको पहुँचमा पुऱ्याउने परिकल्पना गरिहँदा विद्यालय शिक्षा नै निजीमा भर पर्नुपर्ने अवस्था आउनु बिडम्बनापूर्ण छ ।*

२०४९ सालपछि कक्षा छदेखि कक्षा १० सम्मको माध्यमिक शिक्षामा शिक्षकको तलब भत्ता क्रमशः सरकारले व्यहोर्ने नीति लिइयो। निःशुल्क शिक्षा भएपछि सामुदायिक शिक्षामा जुन किसिमको अराजकता भित्रियो, त्यसको कथा व्यथा र सिर्जित समस्याहरूका प्रभाव नै निजी शिक्षाको फैलावट र सामुदायिक शिक्षा ध्वंसका कारण देखिएका छन्। यसैबीच सार्वजनिक शिक्षा बलियो बनाउने नाममा राष्ट्रिय शिक्षा ऐनको सातौं संशोधन, २०५८ सरकारी लगानीका विद्यालयहरूलाई सामुदायिक विद्यालयमा रूपान्तरण गरियो।

### ■ निजी क्षेत्रको उपस्थिति

विधिवतरूपमा वि.सं. २०३७ सालपछि औपचारिकरूपमा निजी तवरबाट शैक्षिक संस्था खोल्न सरकारले स्वीकृति दिइयो। फलतः निजी क्षेत्रको शिक्षा व्यवस्थापनमा अभिभावकहरू व्यापक आकर्षण हुँदा मनग्य आर्थिक लगानी बढ्दै गयो। यसरी सामुदायिक शिक्षामा आर्थिक मोटा अभिभावकहरूको संलग्नता एकाएक हट्न थाल्यो। निजी लगानीका विद्यालयहरू जुन एकै सिद्धान्तमा चलिरहेका थिए, तिनलाई शैक्षिक गुठीअन्तर्गत तथा कम्पनीमा दर्ता भई संस्थागत विद्यालयमा सञ्चालन हुने प्रवन्ध गरियो र व्यापार, व्यवसायका रूपमा स्थापित हुने बाटो खोलियो। फलतः हालको अवस्थामा राज्यका सामुदायिक विद्यालयमा र सरकारी प्रतिबद्धताप्रतिकम विश्वास गरी धनीमानी र आर्थिक सबल अभिभावकको रूचिमा ३० प्रतिशत हाराहारी विद्यार्थी निजी संस्थामा अध्ययनरत देखिन्छन्।

साथै, नेपाली विद्यार्थीहरु (विशेषगरीः संस्थागत विद्यालयका उत्पादित विद्यार्थीहरू) आफ्नो देशको शिक्षा प्रणाली, सिकाइ पाठ्यक्रम र गुणस्तरप्रति तथा मुलुकमा भविष्यमा उपलब्ध रोजगारीका अवसर र भयावह बेरोजगारीको व्यवस्थाप्रति अविश्वस्त र आशंकित भई दिनहुँ विदेशिने क्रम तीव्र बढेको छ। यसैले संस्थागत विद्यालयको शिक्षा स्वदेशका लागि वा विदेशका लागि भन्ने प्रश्न उठिरहेको छ र माध्यमिक तहको शिक्षामा निजी क्षेत्रको सहभागिता सहयोग वा दवावमूलक आतंक भन्ने अन्यौलता देखिन्छ।

### ■ व्यवसायिक बन्यो शिक्षा

राज्य तहबाट नीतिगत रूपमा विद्यालय तहदेखिकै शिक्षा प्रणालीमा खुला बजार अर्थतन्त्रको प्रवेश गराइयो। कम्पनी ऐनमा विद्यालय दर्ता गर्ने व्यवस्थाले शिक्षा दान तथा समाज सेवाको वस्तु नभई क्रयविक्रयको साधन बनाइयो। फलतः अघोषितरूपमा कम्पनीमा आवद्ध विद्यालयहरूबाट के के अभ्यास भए ? ती सबै कति सार्वजनिक भए, कति गर्भमै रहे ? विद्यालयमा नहुनु पर्ने कार्य सबै भए, तर हुनुपर्ने कार्य भएनन् भन्ने कुरा, गुनासाहरू बाहिर आइरहे। तर ती निजी शैक्षिक संस्थाबाट प्रदान हुने शिक्षा धनीमानीको रोजाइमा रह्यो र सरकारी लगानीका सामुदायिक विद्यालयहरूबाट दिइने शिक्षा गुणस्तरीय छैन र आर्थिक लगानी गर्न नसक्ने गरीब जनताको लागि भुलाउने स्तरहिन शिक्षा भन्ने भाष्य पनि समाजमा स्थापित हुँदै गयो।

सामुदायिक तथा सार्वजनिक शिक्षा सस्तो राजनीतिक नारा र बेइमान राजनीतिक तथा प्रशासनिक नेतृत्वको स्वार्थको चपेटामा फस्दै गएका कारण विकृत र विसङ्गत भई धराशायी हुँदै गएको देखिन्छ। तर सामुदायिक तथा सार्वजनिक शिक्षाको पतन हुनु र सुदृढीकरण गर्न नसक्नुको कारण न्यून लगानी भनेर जनतामाथि घात गरेको पाइन्छ। सामुदायिक शिक्षा सबलीकरणका लागि बाधक तत्व शिक्षा क्षेत्रमा राज्यको कम लगानी भन्ने जबर्जस्त भाष्य पनि खडा गरिएको देखिन्छ। तर पंक्तिकारको अध्ययनमा विद्यालय शिक्षा व्यवस्थापनमा सरकारीकरण र लगानीमा पकड बलियो हुनुका साथै, विवेकहीन दलीय राजनीतिकरण, अपारदर्शी क्रियाकलाप र विकृतरूपमा फैलिएको लुटतन्त्र हो भन्ने देखायो। फलतः शिक्षा सेवा नभएर व्यवसायमा रूपान्तरण हुँदा सामुदायिक शिक्षा वनमा लगिएका गाई गोठमा आए बाँध्ने हो, कुनै स्याहारसुसार विना थुनबाट आए दुध तान्ने हो, जस्तो लावारिस बनाइए र क्रय-विक्रयको शिक्षा हुनुपर्दछ भन्ने मुद्दा समाजमा जबर्जस्त स्थापित गरियो।

### ■ लगानीका मुद्दा र उदासिनता

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ को सुझाव कुल सरकारी बजेटको १५ प्रतिशत शिक्षामा छुट्याउन भनियो। फलतः माध्यमिक तहसम्मका शिक्षकको तलबभत्ता सरकारले जिम्मा लियो। पुनः उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५ सरकारको वार्षिक बजेटको १७ प्रतिशत पुऱ्याउन अनिवार्य रहेको सिफारिस गऱ्यो। तर, कुनै कार्यान्वयन हुन सकेन तथा शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमिति, २०५८ को प्रतिवेदन पुनः आयो र यसले कुल सरकारी खर्चको १७ प्रतिशत शिक्षामा खर्च गर्न सिफारिस दियो। तर कुनै पनि सरकारले यी शिक्षा प्रतिवेदनका आन्तरिक मर्म र व्यवहारिक कर्ममा कुनै गम्भीर ध्यान दिएनन् र शिक्षामा कुल बजेटको ११ प्रतिशत पनि हिस्सा पूर्णरूपमा छुट्याउन सकेनन्। शैक्षिक संस्थाहरू विद्यालयदेखि विश्वविद्यालयसम्म थप्ने तर जनशक्ति उत्पादन र विकासका विधि, प्रक्रिया र उपयोगमा (कृषि, स्वास्थ्य, प्राविधिक क्षेत्र र सेवा प्रवाहमा स्वयम् सेवा समूह, इन्टर्नसीपमा विद्यार्थी परिचालन र शिक्षा लागत बढाउने भन्ने) कुनै नीति, योजना र कार्यक्रम दिन सकेनन्। राज्य, सरकारका तर्फबाट शिक्षामा लगानी वृद्धि र जनशक्ति विकास पक्षमा पूर्ण उदासिनता रह्यो।

### ■ विद्यालय शिक्षामा हुने खर्च

सामुदायिक विद्यालय क्षेत्रमा शिक्षकको तलबभत्ता, उपदान, औषधोपचार तथा पेन्सन आदिमा सबैभन्दा ठूलो लगानीको हिस्सा खर्च हुने गरेको छ। अर्कोतिर विद्यालय शिक्षाको कुल बजेटको ७० प्रतिशतभन्दा बढी रकम जनशक्तिको तलबभत्ता आदिमा खर्च हुने गर्दछ। उच्च शिक्षाको लगानीमा माध्यमिक तहको जनशक्ति विकास र शैक्षिक गुणात्मकतामा प्रभाव पार्दछ। तर विद्यालयदेखि उच्च शिक्षासम्म नै तलबभत्ता बाहेक अन्य शैक्षिक पूर्वाधार विकासका पक्षमा सकारात्मक असर पर्ने गरी राज्य तहबाट साधनस्रोतको कुनै प्रबन्ध हुन सकेन। यो समस्याले सामुदायिक शिक्षा व्यवस्थापनमा धेरै चुनौती खडा गरेको छ।

***(लेखक पोखरेल, शिक्षाविद् हुन् ।)***

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

रेमिट्यान्स, वैदेशिक मुद्राको सञ्चिति र भुक्तानी सन्तुलन राम्रो देखाएर फुर्किनु जस्तो चुत्थो कुरा अर्थशास्त्रीय दृष्टिले अरु केही हुँदैन । देश नै खाली गरेर सबै मान्छेलाई विदेश पठाए यी सूचकांक झनै सुध्रिन्छन् । यी बाहेकका अरु कुनै सकारात्मक सूचक भन अनि मानौला- कुनै राम्रो काम गरेछौं ।



**- सुर्यराज आचार्य**

लोकसेवाले अब्बल नै छान्छ । तर निजामती सेवाको भत्केको प्रणालीले गर्दा परिणाम कमजोर छ। अब प्रदेशले समेत भकाभक स्थायी कर्मचारी भर्ना गर्दै, राज्यले धान्न नसक्ने अनुत्पादक बोझको सिर्जना हुँदैछ । निजामती सेवा प्रणालीमा आमुल सुधार बिना स्थायी कर्मचारी हैन बरू लोकसेवाबाट करारमा भर्ना गरौं ।



**- नवराज पन्त**

विद्यार्थीहरु उच्चशिक्षा र धेरै तलबको निम्ति विदेशीतिर जान्छन् किनभने धनी देशले धेरै पैसा दिन्छ। यदि विकसित देशले गरीब देशका बृद्धहरुलाई 'आप्रबासी बृद्धहरुले पनि पाँच वर्ष बसोबास गरेपछि त्यही देशको नागरिक सरह भत्ता पाउनेछौ' भन्यो भने गरीब देश सबै रित्तिन्छ ! नागरिकता त्याग्न नपाउने कानुन लागु गरियोस् ।



**- विनोद न्यौपाने**

कुर्सी, सत्ता स्वार्थ र व्यापारसँग चिनियाँ र भारतीय सम्बन्ध जोडियो ! अहिलेको कुर्सी स्वार्थ भारत-अमेरिकी प्रजातान्त्रिक गठबन्धनभित्रको चुरोमा स्वार्थले ओतप्रोत, लडीबुडी र भावबिहल छ । सबै आफ्नो भूगोल नकेलाउँदाको परिणाम हो। ऐतिहासिक भूगोल केलाउँदा यो मुलुक स्वतन्त्र त हो ?

# अनियन्त्रित प्रदूषणको जोखिम

विचार



● रमेश सर्राफ धमोरा

*विश्वको कुल जनसंख्याको ३० प्रतिशत जनसंख्या सामुन्द्रिक तटमा बस्ने गरेका छन् । उनीहरुको निम्ति जीवन सञ्चालनको मुख्य स्रोत नै महासागर बन्ने गरेको पाइन्छ । मानव जीवनसँग जोडिएको कारण पनि महासागरको सांस्कृतिक तथा आर्थिकरुपमा निकै महत्व छ । तर यति महत्वपूर्ण अंक मानवीय क्रियाकलापकै कारण संकट उन्मुख छ ।*

पछिल्लो समय बढ्दो सामुन्द्रिक प्रदूषणको विषयले विश्वलाई चिन्तित तुल्याएको छ । प्रत्येक वर्ष अरबौं टन प्लास्टिकको फोहोर महासागरमा थपिँदो छ । हिन्द महासागरमा मात्रै भारतीय क्षेत्रबाट प्रतिवर्ष करोडौं टन प्लास्टिकजन्य फोहोर जाने गरेको छ। अन्य महासागरको अवस्था पनि त्यस्तै छ।

महासागर पृथ्वीमा जीवनको प्रतीक मात्रै होइन, पर्यावरण सन्तुलनको पनि महत्वपूर्ण अंश हो । पृथ्वीमा जीवनको आरम्भ नै महासागरबाट भएको मानिन्छ। जसमा असीम जैविक विविधताका भण्डार रहेको पाइन्छ। पृथ्वीमा लगभग ७० प्रतिशत भाग जलले ढाकेको छ, जसमध्ये ९७ प्रतिशत जल महासागरमै पर्दछ।

प्रत्येक वर्ष ८ जुनको दिन 'विश्व महासागर दिवस' मनाउने गरिन्छ । सन् १९८७ मा संयुक्त राष्ट्र संघअन्तर्गतको पर्यावरणसँग सम्बन्धित संस्था ब्रन्टल्याण्डले एक रिपोर्ट सार्वजनिक गर्दै महासागरको अवस्थाप्रति चिन्तित हुनुपर्ने बताएको थियो। जसलाई आधार मान्दै सन् १९९२ मा क्यानडामा भएको इन्टरनेशनल सेन्टर फर ओशन डेबलपमेन्टले दिवस मनाउने प्रस्ताव राखेको थियो।

८ जुन २००९ मा पहिलो विश्व महासागर दिवस मनाइएको थियो। यसपश्चात प्रत्येक वर्ष ८ जुनका लागि विश्व महासागर दिवस मनाउने गरिएको छ। तर, महासागर दिवस मनाइएपनि, महाशक्ति देशहरुले चिन्ता व्यक्त गरेपनि, महासागरमा बढ्दो प्रदूषणको अवस्था सुधार्ने कोणबाट भने जागरुकता पैदा गरेका छैनन् । विश्वको कुल जनसंख्याको ३० प्रतिशत जनसंख्या सामुन्द्रिक तटमा बस्ने गरेका छन् । उनीहरुको निम्ति जीवन सञ्चालनको मुख्य स्रोत नै महासागर बन्ने गरेको पाइन्छ । मानव जीवनसँग जोडिएको कारण पनि महासागरको सांस्कृतिक तथा आर्थिकरुपमा निकै महत्व छ। तर, यति महत्वपूर्ण अंक मानवीय क्रियाकलापकै कारण संकट उन्मुख छ। मानवीय क्रियाकलापकै कारण महासागरको जैविक विविधता मासिने अवस्थामा पुगेको छ।

महासागरले खाद्य पदार्थका एक स्रोत मात्रै नभई अर्थव्यवस्थालाई अगाडि बढाउन महत्वपूर्ण योगदान पुऱ्याउने गरेको छ । आज विज्ञान र प्रविधिको मद्दतबाट विश्वमा प्रयोग हुने अधिकांश पेट्रोलियम पदार्थ त्यही महासागरबाट निकालिने गर्दछ।

पृथ्वीमा जीवनको उत्पत्ति पनि महासागरबाटै भएको पाइन्छ । आज पनि महासागरमा जीवनको लागि आवश्यक परिस्थिति बनाइराख्ने क्षमता छ। महासागर पृथ्वीको एक तिहाईभन्दा बढी क्षेत्रमा फैलिएको छ। यसकारण महासागरको पारिस्थितिक प्रणालीमा केही परिवर्तन भयो भने समग्र पृथ्वीमा असन्तुलन पैदा हुनेछ।

पछिल्लो समय मानवीय गतिविधिको प्रभाव महासागरमा देखिने गरेको छ। महासागरको तटीय क्षेत्रमा प्रदूषणले समस्याहरु निम्तिन सुरु गरेका छन् । प्रदूषणको कारण जलचर जीवहरु रोगी हुने र मर्ने अवस्थामा पुगेका छन् । थुप्रै प्रकारका सामुन्द्रिक बनस्पतिको अन्त्य भएको छ । जसको कारण महासागरसँग जोडिएका मानव समाजसँगै प्राणीलाई पनि ठूलो क्षति पुगेको छ । यदि बेलैमा सचेत नहुने हो भने महासागरमा बढ्दो प्रदूषणले समग्र पारिस्थितिक प्रणालीलाई नै संकटमा पुऱ्याउने छ। यसले मानव जीवनमा ठूलो उथल पुथल ल्याउन सक्नेछ। दिवस मनाउने र निश्चित फोरममा सीमित हुनेभन्दा समस्यालाई समाधान गर्ने गरी विश्व अगाडि बढ्न आवश्यक छ। *जनसत्ताबाट*

## तपाईंको राशिफल

मेष : राजकीय कार्यमा वृद्धि हुनेछ। नयाँ सम्पर्क बढ्नेछ।

वृष : रचनात्मक कार्यमा सफलता मिल्नेछ। मनोरञ्जन बढ्नेछ।

मिथुन : कार्य सफल हुनेछ। नौलो कार्यमा प्रगति हुनेछ।

कर्कट : प्रतिष्ठामा वृद्धि हुनेछ। राम्रो आय प्राप्त हुनेछ।

सिंह : शत्रु कमजोर हुनेछन्। वाणी संयम र धैर्य जरुरी छ।

कन्या : स्वास्थ्य लाभ मिल्नेछ। विधार्थीहरुको कार्यमा प्रगति हुनेछ।

तुला : विनम्रतासित कार्य गर्नु राम्रो हुन्छ। सन्तान सुखमा वृद्धि हुनेछ।


वृश्चिक : मुद्दा जित्ने योग छ। जनसम्पर्कमा वृद्धि हुनेछ।

धनु : यश र प्रभाव बढ्नेछ। धैर्य राखेर मात्र सफलता मिल्नेछ।

मकर : कुनै पनि कार्यमा हतार गर्नु हुँदैन। सोचेको काम पूरा हुनेछ।

कुम्भ : पराक्रममा वृद्धि हुनेछ। धन प्राप्तिको योग छ।

मीन : कार्यहरुमा अनुकूल प्रगति हुनेछ। जिद्दि गर्नु हुँदैन।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# ब्राजिलका पूर्वराष्ट्रपतिको बैंक खाताबारे अनुसन्धान गरिने



**काठमाडौं/एजेन्सी–** ब्राजिलको सर्वोच्च अदालतका एक न्यायाधीशले पूर्वराष्ट्रपति जायर बोल्सोनारो र उनकी पत्नी मिचेलले गहना र अन्य सरकारी उपहारहरु हिनामिना गरेको आरोपमा प्रहरीलाई बैंक रेकर्डमा पहुँचका लागि अनुमति दिएका छन् ।

बोल्सोनारो र उनका पूर्वसहयोगीहरुले आफ्नो कार्यकालमा साउदी अरेबिया र बहराइनजस्ता देशहरुबाट प्राप्त महँगा वस्तुहरु अवैध रुपमा राख्न र बेच्ने प्रयास गरेको आरोपमा अनुसन्धान भइरहेको छ ।

सर्वोच्च अदालतका न्यायाधीश अलेक्जेन्ड्रे डी मोरेसले संघीय प्रहरीलाई बोल्सोनारोको ब्राजिलमा रहेको बैंक र करसम्बन्धी रेकर्डको अनुसन्धान गर्न र संयुक्त राज्य अमेरिकामा उनीहरुको बैंक र कर रेकर्डमा पहुँचका लागि अनुरोध गर्न अधिकार दिएको समाचार संस्था जी-१ लगायत ब्राजिली सञ्चारमाध्यमहरुले जनाएका छन् ।

सर्वोच्च अदालत र संघीय प्रहरीसँग एएफपीले उक्त बिषयमा तत्काल प्रतिक्रियाका लागि अनुरोध गरेपनि कसैले प्रतिक्रिया दिन तयार भएनन् । बोल्सोनारो (२०१९-२०२२) आफ्नो कार्यकाल समाप्त हुनुभन्दा दुई दिन अघि ब्राजिलबाट संयुक्त राज्य अमेरिका प्रस्थान गरेका थिए । आफ्ना उत्तराधिकारी, अनुभवी वामपन्थी लुइज इनासियो लुला डा सिल्भाको जनवरी १ को शपथलाई बेवास्ता गर्दै उनी अमेरिका गएका थिए । निर्वाचनमा सिल्भाले गत अक्टोबरमा बोल्सोनारोलाई पराजित गरेका थिए ।

# इजरायलको बस्ती विस्तार योजनामा प्यालेस्टिनीको आपत्ति

**काठमाडौं/एजेन्सी–** प्यालेस्टिनी अधिकारीहरुले शुक्रबार इजरायली सरकारको वेस्ट बैंकमा अनियमित वित्तपोषण गरेर बस्ती निर्माणलाई थप जटिल बनाउन १९० मिलियन अमेरिकी डलर कोष छुट्याउने योजनालाई अस्वीकार गरेको छ ।

प्यालेस्टाइनी विदेश मन्त्रालयले दक्षिणपन्थी इजरायली सरकार ईएसहित वेस्ट बैंकको अघोषित क्रमिक विलयलाई गति दिन थप जमिन हरण गर्न दौडिरहेको आरोप लगाएका छन् । 'हामी विस्तारवादी औपनिवेशिक इजरायली नीति सहित प्रत्येक दिन कब्जा गर्ने अधिकारीहरु र बसोबास गर्नेहरुको उल्लंघन र अपराधको वृद्धिको बीचमा बाँचिरहेका छौं र यो इजरायली सरकारका निर्णयहरुको व्यावहारिक प्रतिबिम्ब पनि हो,' मन्त्रालयले विज्ञप्ति जारी गर्दै भनेको छ ।

यसले इजरायली सरकारलाई यसको बस्ती निर्माण र विस्तारको निर्णयले द्वन्द्वग्रस्त क्षेत्रमा थप तनाब निम्त्याउँने र त्यसको पूर्ण र प्रत्यक्ष रुपमा जिम्मेवार हुने बताएको छ । आधिकारिक प्यालेस्टिनी तथ्यांकका अनुसार वेस्ट बैंक र पूर्वी जेरुसेलममा ६ लाख भन्दा बढी इजरायली बसोबास गर्छन् । इजरायलले सन् १९६७ मा वेस्ट बैंक कब्जा गरेपछि त्यहाँ बस्तीहरु स्थापना गरेको छ जुन अन्तरराष्ट्रिय कानून विपरीत हो ।

# रुसद्वारा युक्रेनको चेर्निहिभमा आक्रमण



**काठमाडौं/एजेन्सी–** रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र मस्कोका शीर्ष सैन्य कमाण्डरसँग भेटेको केही घण्टापछि शनिबार युक्रेनको उत्तरी शहर चेर्निहिभमा क्षेप्यास्त्र आक्रमण भएको छ । आक्रमणमा परी कम्तीमा पाँच जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएका छन् ।

कीएभबाट करिब १५० किलोमिटर उत्तरमा बेलारुसतर्फ रहेको चेर्निहिभ रुसको आक्रमणको पहिलो महिनादेखि नै ठूला आक्रमणबाट धेरै हदसम्म जोगिएको थियो । फेब्रुअरी २०२२ मा बेलारुस हुँदै युक्रेनमा आक्रमण गर्दा रुसी सेनाले शहरभरि मार्च गरेको थियो ।

पुटिनले दक्षिणी रुसको रोस्तोभ-अन-डोनको दुर्लभ भ्रमणका क्रममा रुसी सेनाका शीर्ष जर्नेललाई भेटेपछि यो आक्रमण भएको हो । यो आक्रमण हुँदा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले स्वीडेनको भ्रमणका लागि त्यसतर्फ लागिसकेका छन् ।

चेर्निहिभ आक्रमणबारे पुष्टि गर्दै युक्रेनका गृहमन्त्री इगोर क्लाइमेन्कोले टेलिग्राममा भनेका छन्, 'पाँच जनाको मृत्यु भएको छ । कम्तीमा ११ बालबालिकासहित ३७ जना घाइते भएका छन् ।'

जेलेन्स्कीका अनुसार यो आक्रमण 'शहरको मध्यभागमा' एउटा चोकमा भएको थियो, जहाँ 'पोलिटेक्निक विश्वविद्यालय र एउटा नाट्यशाला' छ । 'एउटा सामान्य शनिबारलाई रुसले पीडा र क्षतिको दिनमा परिणत गरेको छ,' युक्रेनी नेताले स्वीडेन पुगेपछि भने ।

उनले घटनास्थलबाट एउटा भिडियो पोस्ट गरेका थिए । यसमा सोभियत कालीन एउटा ठूलो भवनको चारैतिर भग्नावशेष देखिएको छ, त्यसको वरिपरि रोकेर राखिएका कारहरुमा आंशिकरुपमा क्षति भएको छ । एएफपीका सञ्चारकर्मीहरुले तारास शेभचेन्को नाट्यशाला संगीत एकेडेमी बाहिर दमकल देखेको बताएका छन् । आसपासका केही भवनमा पनि सामान्य क्षति पुगेको छ ।

यसैबीच रुस-युक्रेन द्वन्द्वमा बन्धक बनाइएका दुई हजार ५ सय ९८ युक्रेनी नागरिकलाई कैदी आदानप्रदान गर्ने सहमति अनुसार रिहा गरिएको युक्रेन समाचार संस्था, इन्टरफ्याक्सले शुक्रबार जनाएको छ । युक्रेनको सैन्य गुप्तचर निकायका प्रवक्ता एन्ड्री युसोभका अनुसार युक्रेनले द्वन्द्व शुरु भएदेखि अहिलेसम्म रुससँग ४८ जना कैदीआदानप्रदान गरिसकेको छ ।

युसोभले द्वन्द्वको सक्रिय चरणमा भएको युक्रेन र रुसबीच कैदी अदलाबदलीको प्रक्रियालाई 'अभूतपूर्व स्थिति' को रुपमा वर्णन गरेका छन् ।

युसोभका अनुसार जेनेभा कन्भेन्सनले शत्रुताको सक्रिय चरणमा प्रत्यक्ष रुपमा आदानप्रदानको व्यवस्था गर्दैन र यसले शत्रुताको अन्त्यपछि युद्धबन्दीहरुको फिर्तीको व्यवस्था गर्दछ । दुई देशबीच थप कैदी आदानप्रदानको तयारी भइरहेको उनले बताए ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०५/०३**

**पञ्चाङ्ग हेल्थ होम प्रा.लि. (Panchanga Health Home Pvt. Ltd.)** को मिति २०८०/०४/२९ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पञ्चाङ्ग हेल्थ होम एण्ड फार्मेसी प्रा.लि. (Panchanga Health Home and Pharmacy Pvt. Ltd.) (प्रा.लि. नं.: १८७२९३)** कायम गर्ने गरी मिति २०८०/०४/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०५/०३**

साविक कम्पनी (**फर्स्ट इन्टरनेशनल एजुकेशन प्रा.लि.**) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आर.डि. ईन्टरनेशनल एजुकेशनल प्रा.लि. (प्रा.लि. नं.: २१८८२३)** कायम गर्ने गरी मिति २०८०/०२/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा.लि.** श्रम इजाजत पत्र नं. ७९०/०६५/०६६ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | कर्मचारीहरुको पद | स्थायी ठेगाना |
|---|---|---|---|
| १. | योगेन्द्र न्यौपाने | निर्देशक | विम -५, म्याग्दी |

श्रम इजाजत नं. ७९०/०६५/०६६

**प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.**
गोंगबु-६, काठमाडौं, नेपाल, फोनः ५९०६९२३, ५९०४९५१
Email : cv.protechnepal@gmail.com

## अल सहेली म्यानपावर प्रा.लि.को सार्वजनिक सूचना

**वैदेशिक रोजगार सञ्चालन गर्न श्रम इजाजत नं. ८९३/०६७/०६८ को यस अल सहेली म्यानपावर प्रा. लि.ले आर्थिक वर्ष २०७९/०८० मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | कतार | १०६ | १२ | ११८ |
| २. | बहराइन | १९ | ० | १९ |
| ३. | रोमानिया | ४७३ | २८ | ५०१ |
| | कुल जम्मा | ५५८ | ४० | कुल जम्मा ६३८ जना |

श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८

**अल- सहेली म्यानपावर प्रा. लि.**
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४९८७७४०,४९८७३७२, फ्याक्स: ४९८७३२५, मो: ९८१८६१९७८०,
E-mail : alsahelimanpower2010@gmail.com



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/०५/०३)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउंदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०५/१७

**बोलपत्र खोलिने मिति**
२०८०/०५/१८ दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | आवधिक कर्जा | **१) ऋणी : लाङघाली गेष्ट हाउस एण्ड अर्गानिक भोजनालय**<br>प्रा.फ.र.नं. : २१७०/०७५/७६<br>ठेगाना : भिमेश्वर न.पा. वडा नं ०६, दोलखा<br>**व्यक्तिगत जमानीकर्ताहरुः**<br>**१. कृष्ण बहादुर मगर**<br>(ना.प्र.नं. १४५९८-३५७१, मिति २०५६/०३/०७ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : अम्बर बहादुर मगर<br>बाजे : सर बहादुर मगर<br>**२. दुर्गा मगर**<br>(ना.प्र.नं. २२१०१५, मिति २०६४/०१/०२ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>पति : कृष्ण बहादुर मगर<br>ससुरा : अम्बर बहादुर मगर | दुर्गा मगरको नाममा दोलखा जिल्ला मालपोत कार्यालय दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, चरिकोट गा.वि.स./न.पा. वडा नं. ०४ स्थित कि.नं. ५४४० (१८०.०० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | विविध कर्जा | **२) ऋणीहरू : (क) सुमन खाद्यान्न पसल**<br>प्रा.फ.र.नं. : ४४८८/०७७/०७८<br>ठेगाना : भिमेश्वर ०३, दोलखा<br>**(ख) विनिता गोले (घिसिङ) र नविन कुमार घिसिङ**<br>ठेगाना : बैत्यश्वर ०१, दोलखा<br>**१. विनिता गोले (घिसिङ)**<br>(ना.प्र.नं. २२१०४५/७४, मिति २०६४/०९/२७ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>पति : नविन कुमार घिसिङ<br>ससुरा : गंगा बहादुर तमाङ<br>**२. नविन कुमार घिसिङ**<br>(ना.प्र.नं. २२१०४५/७३, मिति २०६४/०९/२७ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : गंगा बहादुर तमाङ<br>बाजे : डम्बर बहादुर तमाङ<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. विनिता गोले (घिसिङ)**<br>ऐ.ऐ.<br>**२. नविन कुमार घिसिङ**<br>ऐ.ऐ.<br>**३. गंगा बहादुर तमाङ**<br>(ना.प्र.नं. ४९५/३२७, मिति २०४५/०१/१३ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : डम्बर बहादुर तमाङ<br>बाजे : राम बहादुर तमाङ | विनिता गोले (घिसिङ)को नाममा दोलखा जिल्ला मालपोत कार्यालय दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, चरिकोट गा.वि.स./न.पा. वडा नं. ०२ स्थित कि.नं. ४७२७ (१६७.०० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | विविध कर्जा | **३) ऋणी : भीम बहादुर कार्की**<br>(ना.प्र.नं. ३८७/२५८/१०२९, मिति २०४६/०१/२९ मा जि.प्र.का. ओखलढुङ्गाबाट जारी भएको)<br>ठेगाना : सिद्धिचरण १२, ओखलढुङ्गा<br>बाबु : प्रेम बहादुर कार्की<br>बाजे : मकरध्वज कार्की<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. मिना कुमारी कार्की**<br>(ना.प्र.नं. ११७१/१२४४, मिति २०४६/०१/२४ मा जि.प्र.का. ओखलढुङ्गाबाट जारी भएको)<br>पति : भीम बहादुर कार्की<br>ससुरा : प्रेम बहादुर कार्की<br>**२. निर बहादुर कार्की**<br>(ना.प्र.नं. १३-०१-७३-०१७१८, मिति २०७३/०४/१३ मा जि.प्र.का. ओखलढुङ्गाबाट जारी भएको)<br>बाबु : भीम बहादुर कार्की<br>बाजे : प्रेम बहादुर कार्की | १. भीम बहादुर कार्कीको नाममा ओखलढुङ्गा जिल्ला मालपोत कार्यालय ओखलढुङ्गामा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स./न.पा. वडा नं. ०७ स्थित कि.नं. १२३७ (०-२-२-१ रोपनी), कि.नं. १२३६ (०-२-२-२ रोपनी), कि.नं. १२३८ (०-०-२-० रोपनी), कि.नं. १२३९ (०-२-०-१ रोपनी), कि.नं. १९९१ (०-०-१-२ रोपनी), कि.नं. १९९४ (०-०-३-० रोपनी) र ऐ.ऐ. वडा नं. ०६ स्थित कि.नं. ८९ (०-१-३-२ रोपनी), कि.नं. ४५५ (०-०-३-१ रोपनी) र कि.नं. ६९१ (०-१-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. मिना कुमारी कार्कीको नाममा ओखलढुङ्गा जिल्ला मालपोत कार्यालय ओखलढुङ्गामा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स./न.पा. वडा नं. ०७ स्थित कि.नं. २०६६ (१-१-१-२ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | विविध कर्जा | **४) ऋणीहरू : ई.पी. पब्लिकेशन प्रा.लि. र अर्जुन सोनी**<br>**(क) ई.पी. पब्लिकेशन प्रा.लि.**<br>दर्ता नं. : १२२९१०/७०/०७१<br>ठेगाना : बुटवल १०, रुपन्देही<br>**(ख) अर्जुन सोनी**<br>(ना.प्र.नं. ७००५५, मिति २०६०/०६/११ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको)<br>ठेगाना : बुटवल ०८, रुपन्देही<br>बाबु : लिले सोनी<br>बाजे : भाइरथ सोनी<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. अर्जुन सोनी**<br>ऐ.ऐ.<br>**२. शुशिला कुमारी**<br>(ना.प्र.नं. ३३५१, मिति २०५३/०४/२२ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको)<br>पति : अर्जुन सोनी<br>ससुरा : लिले सोनी | अर्जुन सोनीको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स./न.पा. वडा नं. ०७ (ग) स्थित कि.नं. १३७ (१-४-६ विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ५. | विविध कर्जा | **५) ऋणीहरू : (क) बस्नेत ब्रदर्श कन्स्ट्रक्शन कम्पनी प्रा.लि.**<br>दर्ता नं. : २०७०४६/०७५/०७६<br>ठेगाना : कमलामाई १४, सिन्धुली<br>**(ख) पर्वत कुमार बस्नेत र भिम कुमारी बस्नेत**<br>ठेगाना : कमलामाई १४, सिन्धुली<br>**१. पर्वत कुमार बस्नेत**<br>(ना.प्र.नं. ४८३१९, मिति २०६३/०१/१७ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>बाबु : टलक बहादुर बस्नेत<br>बाजे : तिलक बहादुर बस्नेत<br>**२. भिम कुमारी बस्नेत**<br>(ना.प्र.नं. १९२८/२७८६, मिति २०४४/११/०६ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>पति : तिलक बहादुर बस्नेत<br>ससुरा : अकलध्वज बस्नेत<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. पर्वत कुमार बस्नेत**<br>ऐ.ऐ.<br>**२. भिम कुमारी बस्नेत**<br>ऐ.ऐ.<br>**३. हिमाल बस्नेत**<br>(ना.प्र.नं. २०२०१०५३/१०५, मिति २०६७/०७/११ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>बाबु : टलक बहादुर बस्नेत<br>बाजे : तिलक बहादुर<br>**४. गोपी देवी बस्नेत**<br>(ना.प्र.नं. १९५७/३००८, मिति २०४४/११/०६ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>पति : टलक बहादुर बस्नेत<br>ससुरा : तिलक बहादुर<br>**५. निर्मला बस्नेत**<br>(ना.प्र.नं. २०११७४/००१४९, मिति २०७४/०५/०२ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>पति : पर्वत कुमार बस्नेत<br>ससुरा : टलक बहादुर बस्नेत | भिम कुमारी बस्नेतको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, रानीबास गा.वि.स./न.पा. वडा नं. ०५ (ख) स्थित कि.नं. २३६ (०-६-८१/२ विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ६. | विविध कर्जा | **६) ऋणीहरू : (क) आर.एल.सप्लायर्स**<br>दर्ता नं. : ९९८८२/०६८/०६९<br>ठेगाना : का.म.न.पा. १०, काठमाडौं<br>**(ख) लक्ष्मी खड्का**<br>(ना.प्र.नं. ८६६, मिति २०५२/०१/०६ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको)<br>ठेगाना : का.म.न.पा. १०, काठमाडौं<br>पति : रविन्द्र थापा<br>ससुरा : गोपाल बहादुर थापा क्षेत्री<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. लक्ष्मी खड्का**<br>(ना.प्र.नं. ८६६, मिति २०५२/०१/०६ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको)<br>पति : रविन्द्र थापा<br>ससुरा : गोपाल बहादुर थापा क्षेत्री<br>**२. रविन्द्र थापा**<br>(ना.प्र.नं. २७४५४६/४९/२११२८९, मिति २०४९/१०/०५ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको)<br>बाबु : गोपाल बहादुर थापा क्षेत्री<br>बाजे : जित बहादुर थापा | लक्ष्मी खड्काको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित कि.नं. २९७ (०-४-३-३ रोपनी) र कि.नं. ४००(१२७.२० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

# बक्स अफिस समाचार

# 'राम्रो कामले नै मानिसलाई उचाइमा पुऱ्याउँछ'

प्रविधिको विकासले हरेक काममा सहजता थपिदिएको छ। अझ प्राविधिक क्षेत्रलाई पेशा बनाएर काम गर्न चाहनेको त अहिले प्रतिपर्स्धा नै चल्ने गरेको छ। प्रतिस्पर्धाको यो भिडलाई उछिन्ने दौडमा देखिएका छन् फोटोग्राफर अनिल गौतम। डकुमेन्ट्री, टेलिभिजन कार्यक्रमहरुमा आफूलाई व्यस्त तुल्याउने गरेका अनिल गौतमले नेपाल टेलिभिजनबाट प्रशारित 'विकास र बहस', चन्द्र प्रोडक्शनबाट सञ्चालन हुँदै आएको कार्यक्रम 'सहयात्रा'लगायत दर्जनौं टिभी कार्यक्रम र डकुमेन्ट्रीहरुमा आफ्नो फोटोग्राफी क्षमता पस्किसकेका छन्। फोटोमुन स्टुडियोमा व्यावसायिक क्यामेराम्यानको रुपमा समेत उनले काम गरिसकेका छन्। सामान्यतया कुनै साधन प्रयोग गरी कुनै पनि वस्तुको इमेज जस्ताको त्यस्तै उतार्नुलाई फोटोग्राफी भनिने गौतमको बुझाइ छ। संखुवासभा चैनपुरमा जन्मेका गौतम पत्यक्षरुपमा वास्तविक दृश्य कैद गर्न रुचाउँछन्। उनी २०२३ अक्टोबर ११ मा क्यानडास्थित नाग्राल्फर्समा हुने 'चौथो राष्ट्रिय शिखर नेपाल एग्रिकल्चर अवार्ड २०२३' कार्यक्रमको अफिशियल फोटोग्राफरमा अनुबन्ध भएका छन्। विभिन्न सम्मान, पुरस्कार पाउन सफल फोटोग्राफर **अनिल गौतम**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :



**फोटोग्राफी नै किन रोज्नुभयो ?**

यो मेरो सानैदेखिको चाहना हो। स्कुल पढ्दादेखि नै क्यामेरा खेलाउन रहर लाग्थ्यो। विविध कारणले तत्कालीन अवस्थामा सम्भव भएन। २०७३ सालमा आभाष इन्स्टिच्युटबाट फोटोग्राफी र भिडियो सम्पादनसम्बन्धी प्रशिक्षण लिएर नै यस पेशामा लागेको हुँ।

**फोटोग्राफी भनेको के हो ?**

फोटोग्राफी भनेको के हो बुझ्नु अगाडि फोटोग्राफीको इतिहासबारे थाहा पाउन जरुरी हुन्छ। ग्रिक भाषामा फोटोग्राफीलाई फोटोको अर्थ प्रकाश र ग्राफीको अर्थ चित्र हो। यसको अर्थ प्रकाशमा कोरिने चित्र नै फोटोग्राफी हो। सन् १८२४ मा फ्रान्सका जोसेफ नाइस्फोर नाइप्सीले पहिलो क्यामेरा अव्सक्यूराबाट ८ घण्टा लगाएर बन्द कोठामा स्थायी तस्बीर हेलियोग्राफी प्रविधिबाट कैद गरे। आज पनि यस प्रविधिलाई हेलियोग्राफी भनिन्छ र जसमा सिल्भर साल्टको प्रयोग भएको थियो। प्रकाश वा अन्य विकिरणहरुलाई विद्युतीय माध्यम वा रासायनिक प्रतिक्रियाबाट संरक्षण गर्ने विज्ञानको रुपमा पनि फोटोग्राफीलाई लिइन्छ। फोटोग्राफी एक कला पनि हो।

**फोटोग्राफी सोख हो कि बाध्यता ?**

फोटोग्राफी शुरुमा रुची, अहिले फोटोग्राफीलाई व्यावसायिकरुपमा काम गर्दा पनि रमाइरहेको छु। यसलाई बाध्यता भन्न चाहिँ मिल्दैन।

**फोटोग्राफीको वर्तमान अवस्था कस्तो छ नेपालमा ?**

शुरुवाती समयको कुरा गर्नु पर्दा फोटोग्राफीको इतिहास लामो छ। अहिले पेशाको रुपमा काम गर्नुहुनेहरुको संख्या पनि हजारौंमा छ। वर्तमान अवस्थाको कुरा गर्नु पर्दा हातैपिच्छे मोबाइल क्यामेरा हुन्छ र कुनै पनि दृश्य तत्काल कैद गर्न सकिन्छ।

**व्यावसायिकरुपमा अगाडि बढाउन लगानी कति लाग्ला ?**

मेरो विचारमा ५, ६ लाख लगानीबाट व्यवसाय शुरु गर्न सकिन्छ। आवश्यकता अनुसार विभिन्न किसिमका लेन्स, फ्याल्सलगायत अन्य आधुनिक उपकरण बिस्तारै थप गर्दै व्यवसायलाई अगाडि बढाउन सकिन्छ।

**फोटोग्राफीमा राज्यको सहयोगको आवश्यक छ ?**

व्यावसायिकरुपमा यस क्षेत्रमा काम गर्नेहरुका लागि कार्य सिलसिलामा हुने क्यामेरा क्षति तथा चुनौतीहरुको सामना गर्न राज्यको सहयोग एकदमै आवश्यक छ। राज्यबाट सहयोग हुने हो भने काम गर्न अझै हौसला मिल्छ र युवापुस्ता यस पेशाप्रति आकर्षित हुने छन्, जसले गर्दा आत्मनिर्भर बन्न सहज हुने थियो।

**फोटोग्राफरभित्र पर्ने विधाहरुको बारेमा बताइदिनुस् न ?**

धेरै विधाहरु रहेका छन्। जस्तै वइडिङ फोटोग्राफी, फिल्म फोटोग्राफी, प्रेस फोटोग्राफी, फेशन फोटोग्राफी, पोर्ट्रट फोटोग्राफी, प्रोडक्ट फोटोग्राफी, एरियल फोटोग्राफी, इभेन्ट फोटोग्राफी, एमेचर वा शैकिन फोटोग्राफीलगायत व्यावसायिक फोटोग्राफीभित्र पर्ने विधा हुन्।

**प्रविधिको विकाससँगै डिजिटल क्यामेरा आएपछि यो पेशा अंगाल्नेहरुको संख्या बढ्न थालको हो ?**

प्रविधिको विकाससँगै डिजिटल माध्यमको पनि विकास भएकाले यसलाई सहज बनाउनुको साथै सबैको हात हातमा क्यामेरा भएता पनि सबै व्यावसायिक फोटोग्राफर बन्न सक्दैनन्। डिजिटल फोटोग्राफी पनि धेरै नै सजिलो भएता पनि यसका केही पक्षहरु भने जटिल रहेका छन्। पहिला फोटो कैद गरी घण्टौं प्रोसेसिङ गरी प्रयोग गरिन्थ्यो भने अहिले केही सेकेण्डमा नै प्रयोग गर्न सकिन्छ। डिजिटल क्यामेरा आएपछि फोटोग्राफरहरु बढ्नु स्वभाविक हो।

**हातमा क्यामेरा बोकेर फोटोग्राफर हुँ भन्नेहरुको जमात बढेको छ, तपाईंलाई के लाग्छ ?**

हातमा क्यामेरा बोक्दैमा फोटोग्राफर चाहिँ भन्न मिल्दैन। फोटोग्राफरको फोर्समा जागिर खाने जस्तो यति उचाइ, यति तौल, छातीको चौडाइ आवश्यकता पर्दैन। तर पनि फोटोग्राफरमा ज्ञान, इच्छाशक्ति, धैर्यता र अनुशासन हुन आवश्यक छ।

**सानोमा फोटोग्राफर बन्छु भन्ने सोच्नुभएको थियो ?**

सानोमा त के बन्ने भन्ने कुरा सोचेको थिइनँ। विद्यार्थी छँदा कुनै राम्रो काम गरेर ठूलो मान्छे बन्ने सोच थियो। जब २०७३ बाट फोटोग्राफी शुरु गरें, समयसँगै कामको चाप यति बढ्न थाल्यो कि समय मिलाउन नै कठिन हुन थाल्यो। राम्रो कामले नै मानिसलाई उचाइमा पुऱ्याउने हो। चर्चित हुनुभन्दा पनि निरन्तर आफ्नो क्षेत्रमा काम गर्न पाइरहनु र सबैले विश्वास गरिरहनु नै महत्वपुर्ण कुरा हो।

**आफ्नो पेशाबाट सन्तुष्ट हुनुहुन्छ ?**

इच्छाएको पेशा भएकोले आफ्नो कामबाट म सन्तुष्ट छु। सकारात्मक सोचले उर्जा दिने, गरेको हरेक कामले भविष्यमा सन्तुष्टि दिने र जिन्दगीलाई सृष्टिको सुन्दर उपहार मानेर यसलाई सकारात्मक तरिकाले ग्रहण गरेर लानसके जीवन सार्थक बन्ने कुरा मैले बुझेको छु। यो सम्मानित पेशा भएकाले पनि सन्तुष्ट छु।

# नाटक 'हराएकी म' मञ्चन

**काठमाण्डौं/मस–** काठमाण्डौं सिनामंगलस्थित लोयोला सकेण्डरी स्कुलको आयोजनामा ओजस थिएटर (शैली थिएटर) मा नाटक 'हराएकी म'को मञ्चन शुक्रबारबाट शुरु भएको छ। शुक्रबार दिउँसो ११ बजे र १ बजे मञ्चन गरिएको नाटकमा महिलाहरु प्रथम पटक रजस्वला हुँदा गरिने व्यवहारबारे प्रस्तुत गरिएको छ। दर्शकहरुलाई महिनावारी हुँदा गलत संस्कारलाई त्यागेर महिनावारीलाई उत्सवको रुपमा मनाउनुपर्ने सन्देश दिन र कलाकारहरुलाई रंगमञ्चसम्बन्धी ज्ञान बाँड्न नाटक मञ्चन गरिएको हो।



विद्यालयकी उप-प्राध्यापक ममता बमले आफ्नो विद्यालयमा रहेका बालवालिकालाई रजस्वला के हो र यसका विषयमा समाजमा रहेका गलत धारणा र सामाजिक कुसंस्कारका विषयमा जानकारी दिनका लागि नाटकको मञ्चन गरिएको बताइन्।

बालसाहित्यकार विजयराज आचार्यको कथालाई लिएर निर्माण हुन लागेको नाटकको नाट्य रुपान्तरण र निर्देशन रंगकर्मी पुष्पराज अवस्थीले गरेका छन् भने सहायक निर्देशन भरत महर (बिटी)ले गरेका छन्। नाटक हराएकी म महिनावारीको विषयवस्तुलाई लिएर निर्माण गरिएको हो। अहिलेको यो युगमा पनि कतिपय ठाउँ अथवा घरपरिवारमा महिनावारीलाई हेर्ने नजर पुरानै छ। कतिपय घरपरिवारमा महिला अथवा किशोरी महिनावारी भएकै कारण मानसिक यातना भोगिरहेका छन्।

छाउगोठ बस्नुपर्ने, बन्द कोठामा बस्नुपर्ने, छोरा मान्छेको अनुहार हेर्न नमिल्ने, खानामा पनि सबै खान नमिलेर बार्नुपर्ने कथाहरु सुन्दै आइरहेका छौं। पहिलो पटक महिनावारी हुँदा कतिपयले केक काटिरहेको अवस्थामा कतिपय भने सामाजिक संस्कार भन्दै छोरीहरुलाई मानसिक यातना दिइरहेका छन्। महिनावारी हुँदा खुसीले उत्सव मनाउनुपर्नेमा कतिपय छोरीहरु महिला हुनुमा नै दुःखको अनुभव गर्छन्। नाटकको माध्यमबाट यी र यस्तै कुराहरुमा सुधार आउँछ कि भन्ने आशा नाटकको व्यावस्थापन पक्षले लिएको छ।

नाटकमा आयुषा सुजी, जेनिसा आचार्य, समृद्धि पाण्डे, आरुष गौतम, श्रेया बुढाथोकी, निमिसा श्रेष्ठ, रिमिसा श्रेष्ठ, प्रस्तुती भण्डारी, सुमन खड्का, प्रक्सिस राना कुवँर, आश्रिका अधिकार ी,आरभ पुरी, जस्टिन थापा, द्रब्यता कुशुवाह, हिमाल तामाङ, कौशल पौडेल, काव्या शर्मालगायत अन्य कलाकारको भूमिका रहेको छ। नाटकको मञ्च व्यस्थापक आस्था कार्कीले गरेकी छन्। अहिलेको यो युगमा किताबसँगै अन्य ज्ञान पनि हुन जरुरी हुन्छ। लोयोला स्कुल आफ्ना विद्यार्थीहरुलाई किताबी ज्ञानको साथसाथै अन्य सिपमुलक तथा साहित्यिक ज्ञान दिन अग्रसर छ।

विद्यार्थीहरुमा रंगमञ्चको ज्ञान दिन र सामाजमा केही सन्देश दिन यो नाटक निर्माण गरेका हौं। विद्यालयमा नाटकको अलावा नृत्य, संगित, तेकवान्दो, पेन्टङ एण्ड आर्टस् लगायतका अतरिक्त कक्षाहरु पनि सञ्चालनमा छन्। फलस्वरूप हाम्रा विद्यार्थीहरु राष्ट्रियस्तरमै राम्रो प्रगति गरिरहेको प्रिन्सिपल रमेश पनेरुले बताए।


## साउदीमा रोजगार

१. कम्पनी : STAR SITES CONTRACTING COMPANY
शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७९/१२/२४ चलानी नं.: ६०१९९६३९ LT. No.:284332 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Roofs Cleaning Worker | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hospital Cleaner | 10 | 0 | | 1000 | ३५,४०० | | | | | | | |

२. कम्पनी : STAR SITES CONTRACTING COMPANY शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७९/१२/२४ चलानी नं.: ६०१९९६४० LT. No.: 284331 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Roofs Cleaning Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १० गते (27 August 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ६७२/०६३/६४

एस.एल.डी ईन्टरनेशनल प्रा.लि.
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२३, ९०२८२४, ९०२८२५
मो.:९८५१०४७३६५, ९८१८६२८४४८, ९८०८७२०३०८


## बीमालेख हराएको सूचना

यस कम्पनीबाट विभिन्न मितिमा जारी गरिएका तपसिलमा उल्लेखित बीमालेख हराएको हुनाले प्रतिलिपि बीमालेख पाउँ भनी निवेदन परेकाले उक्त बीमालेख उपर कोही कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित हकदावी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

म्याद भित्र उक्त बीमालेख सम्बन्धी कसैले हक दावी गर्न नआएमा निजहरूको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सूचित गरिन्छ।

### तपसिल

| बीमालेख नं. | बीमितको नाम | बीमितको ठेगाना |
|---|---|---|
| ००८००१०२७ | श्रीमती प्रमिला कुमारी चौधरी | ई. फुलबडीया गा.वि.स.वडा नं.७, सप्तरी |
| ०१००२७९५९ | श्री लगन लाल चौधरी | भवानीपुर गा.वि.स.- ९, सिरहा |
| ०१००३६०७१ | श्री शेर बहादुर बोहरा | गणेशपुर गा.वि.स.- ७, डडेलधुरा |
| ०१००३७८९१ | श्री सिक्षा उपाध्याय | धनगढी न.पा.वडा नं.५, कैलाली |
| ०१००३८९८९ | श्री अन्जु कुमारी भण्डारी | पुतलीबजार न.पा.- ९, स्याङ्जा |
| ०१००४५४२३ | श्री सिता कटवाल | पंचकन्या - १, सुनसरी |
| ०१००५४२८१ | श्री प्रकाश भण्डारी | देवदह गा.वि.स.- ५, रुपन्देही |
| ०१००५६९८४ | श्री गिता सिटौला | लखनपुर गा.वि.स.- ७, झापा |
| ०१००५९६५२ | श्री दुर्गा देवी गिरी | हल्देकालीका गा.वि.स.- ४, नुवाकोट |
| ०१००६४२०२ | श्री गापाल प्रसाद सुवेदी | सिद्धार्थनगर न.पा., रुपन्देही |
| ०१००६९४०० | श्री शान्ता दवाडी | फूलबारी गा.वि.स.- ९, चितवन |
| ०१००७००२५ | श्री नारायण कुमार श्रेष्ठ | मलंगवा गा.वि.स.- ८, सर्लाही |
| ०१००७०३९१ | श्री राजु गुरागाई | सोयाङ गा.वि.स.- ९, ईलाम |
| ०१००७०६६३ | श्री सरु कुमारी श्रेष्ठ | निजगढ गा.वि.स.- ७, बारा |
| ०१००७०७२६ | श्री कुल प्रसाद न्यौपाने | मोतीपुर गा.वि.स.- ५, कपिलवस्तु |
| ०१००७२४६९ | श्री गोविन्द उप्रेती | आमचोक गा.वि.स.- ४, ईलाम |
| ०१००८८०३९ | श्री नारायण बहादुर देवकोटा | भरतपुर म.न.पा.- १, चितवन |
| ०११०००२८८ | श्री बिभूषा दहाल | खिम्ती गा वि स वडा नं १, रामेछाप |
| ०११००१००९ | सुश्री कोपिला थामी | भिमेश्वर न पा वडा नं १, दोलखा |
| ०११००१०३० | सुश्री मुना थामी | भिमेश्वर न पा वडा नं १, दोलखा |
| ०२००१४१४० | श्री सन्जित कुमार राजवंशी | विराटनगर उप.म.न.पा.वडा नं.१६, मोरङ |
| ०२२०००५८७ | श्रीमती राम कुमारी श्रेष्ठ | गुप्तेश्वर गा.वि.स वडा नं. ६, भोजपुर |
| ०२२००११२५ | श्री सिमाङ्क गौतम | अरुण गा.पा वडा नं १, भोजपुर |
| ०२६०००४२१ | श्री प्रताप राना | माझकोट - ९, तनहु |
| ०२८०००९६० | श्री रोजविका वादी | छेडागाड न.पा.- ५, जाँजरकोट |
| ०३००१२०२९ | श्री प्रज्वल मैनाली | जितपुर सिमरा - १, बारा |
| ०३४०००६२५ | श्रीमती सपना घिमिरे | आमभन्ज्याङ गा.वि.स. वडा नं. ४, मकवानपुर |
| ०३५०११५३६ | श्री चेत विक्रम गौतम | वर्दिवास न.पा. वडा नं. ११, महोत्तरी |
| ०३८००९२९९ | श्री श्रिष्मा अधिकारी | गोलबजार न.पा.- २, सिरहा |
| ०४०००३४५२ | श्री लक्ष्मण बहादुर खत्री | तनहु गा.वि.स.- ३, पाल्पा |
| ०४००१७६१९ | श्री नवराज के.सी. | पौदी अमराइ गा.वि.स.- ३, गुल्मी |
| ०५०००४८५४ | श्री तेज राजभण्डारी | हेम्जा गा.वि.स.- ६, कास्की |
| ०५०००७३९० | श्री चित्र बहादुर छन्त्याल | खुङखानी गा.वि.स.- ७, बागलुङ |
| ०५००११२३४ | श्री हरि चन्द्र खनाल | व्यास न.पा.वडा नं.४, तनहु |
| ०५००२४२३५ | श्री शान्ति लिम्बु | पोखरा उ.म.न.पा.वडा नं १२, कास्की |
| ०५००२५३३० | श्री सुशिल अग्रवाल | काठमाडौ म.न.पा.वडा नं.२१, काठमाण्डौ |
| ०५००२६३७१ | श्री धनु तमाङ्ग | सैमराङ गा.वि.स.वडा नं.६, कास्की |
| ०५००२६३७२ | श्री चन्द्र माया लोचन तमाङ | मिजुरेडाडा गा.वि.स.वडा नं.१, कास्की |
| ०५००२९२०८ | श्री सिता देवी भण्डारी | भिमाद न.पा.वडा नं.१, कास्की |
| ०५००२९२९१ | श्री मिना पुन | देवीस्थान गा.वि.स.वडा नं.९, म्यागदी |
| ०५००३०७१० | श्री लालु कुमारी भुजेल | थप्रेक वडा नं.५, तनहु |
| ०५००३५१४४ | श्री विष्णु कुमारी तिमिल्सिना (अधिकारी) | सराङकोट वडा नं.५, कास्की |
| ०५००३६०७७ | श्री शुशील अग्रवाल | का.म.न.पा.- २१, काठमाडौं |
| ०५००३६४६६ | श्री मेख माया गुरुङ | पेल्काचौर - १, स्याङजा |
| ०५२००३७५३ | सुश्री रस्मी गिरी | व्यास न.पा. वडा नं. ११ , तनहु |
| ०५२००६७६२ | श्री पुष्प लाल श्रेष्ठ | घिरिङ - ५, तनहु |
| ०६००००४५३ | श्री चन्द्र देव जोशी | महेन्द्रनगर न.पा.- ५, कंचनपुर |
| ०६००००४९९ | श्री रेखा थापा | धनगढी न.पा.- ४, कैलाली |
| ०६०००६७३७ | श्री महेन्द्र थापा | महेन्द्रनगर न.पा.- ५, कंचनपुर |
| ०६०००६९१० | श्री राम सिंह धामी | सिगास गा.वि.स.- १, बैतडी |
| ०६०००७७२३ | श्री लक्ष्मी भण्डारी | भुमिराजमाडौं गा.वि.स.- ५, डोटी |
| ०६०००८०५३ | श्री कैशया देवी अवस्थी | गोकुलेश्वर गा.वि.स.- ९, दार्चुला |
| ०६०००९३३८ | श्री मणी ऐर | कोटिला गा.वि.स.- ७, बैतडी |
| ०६०००९३९८ | श्री मणी ऐर | कोटिला गा.वि.स.- ७, बैतडी |
| ०६००१९२२५ | श्री बिशाल उप्रेती | धनगढी न.पा.वडा नं.४, कैलाली |
| ०६२०००२६९ | श्री राजेन्द्र प्रशाद पनेरु | अमरगढी न.पा वडा नं.५, डडेलधुरा |
| ०६५००३४७१ | श्री मनिष भट्ट | बगरकोट गा.बि.स.वडा नं.२, डडेलधुरा |
| ०७०००४८०९ | श्री सुरेश कुमार श्रेष्ठ | खलंगा गा.वि.स.वडा नं.३, सल्यान |
| ०७००१३९३६ | सुश्री मिसमिता सिंह थारु | धनगढी उप.महा.न.पा.वडा नं.८, कैलाली |
| ०७००१५५९१ | श्री अरविन मल्ल | कोहलपुर न.पा.वडा नं. १२, बाँके |
| ०७००१९५८८ | श्री अमृत श्रेष्ठ | नेपालगंज उप महानगरपालिका वडा नं.४, बाँके |
| ०८०००२७९५ | श्री लेखनाथ आचार्य | शनिश्चरे गा.वि.स.वडा नं.६, झापा |
| ०८०००३८८८ | श्रीमती शान्ती श्रेष्ठ | दमक न.पा.वडा नं.१३, झापा |
| ०९०००१९८६ | श्रीमती इन्द्र कुमारी साह | सिंग्याही मडान गा.बि.स. वाड नं. ६, धनुषा |
| ०९०००२१७० | श्रीमती रामरती मरिक यादव | पतनुका गा.बि.स. वाड नं. २, धनुषा |
| ०९०००६१७३ | श्री मुकेश प्रसाद जयसवाल | सवैला न.पा.वडा नं.२, धनुषा |
| १००००२२०१ | मो. गफार | राजबिराज न.पा. वडा नं. २, सप्तरी |
| ११००००४१७ | श्री तुल बहादुर तामाङ्ग | मथुरापती गा.वि.स.- २, काभ्रेपलांचोक |
| ११००००४६२ | श्री अष्टमान नन्द शाक्य | ललितपुर - ६, ललितपुर |
| ११००००४६३ | श्री अष्टमान नन्द शाक्य | ललितपुर - ६, ललितपुर |
| ११०००१७३९ | श्री सुनिल श्रेष्ठ | गावहाल वडा नं. २१, ललितपुर |
| ११२०१४०४८ | श्री सन्देश घिमिरे | तारकेश्वर गा.पा वडा.नं. १, नुवाकोट |
| १३००००३०९ | सुश्री प्रमिला कंडेल | गजुरी गा.वि.स वडा नं.२, धादिङ |
| १४०००१२२६ | श्री कुशल पौडेल | धैबुङ गा.वी.स.वडा नं ८, रसुवा |
| १५१००१७९९ | श्री रेइका लामा | ककनी - ५, नुवाकोट |
| १५१००१८१६ | श्री एरिका लामा | ककनी - ५, नुवाकोट |
| १६००००१८२ | श्रीमान राम बहादुर कुवर | सानागाउँ गा.वि.स.वडा नं.८, डोटी |
| १६५००४२३९ | श्री आहान विश्वकर्मा | साँफेबगर न.पा.- २, अछाम |
| १६७०००५६५ | श्री मकर सिंह बुढाथोकी | राप्ला गा.बि.स. ६, दार्चुला |
| २०१०१४५४६ | श्री गिरिराज दाहाल | सुन्दरहरैचा न.पा.- ६, मोरङ |
| २०६०००६५१ | श्रीमती च्यामश्यो भन्ने मिनमायां | तारताल गा.वि.स.वडा नं.५, बर्दिया |
| २०९००००५० | श्री बीपीन देवकोटा | लक्ष्मीपुर गा.वि.स.वडा नं.४, दाङ |
| २१०००३५९३ | श्री सगिम दनुवार | त्रियुगा न.पा.- ८, उदयपुर |
| २१३०११६८५ | श्री एक राज विष्ट | खलांगा - ८, सल्यान |
| २२५००००५७ | श्री विवा माझी ठनेत | भलवाजोर गा.वि..वडा नं.८, रामेछाप |
| २३७०००५३६ | श्री मेदिना अमात्य | ललितपुर - १८, ललितपुर |
| २४००००६२० | सुश्री रजिता श्रेष्ठ | पुतलीवजार न.पा.वडा.नं.१३, स्याङजा |
| २४००००८९३ | सुश्री अन्नी राना | पुतलीवजार नगरपालिका वडा.नं.११, स्याङजा |
| २४०००३८९७ | श्रीमती विनु कुमारी गुरुङ | राङभाङ गा.वि.स.वडा.नं.९, स्याङजा |

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED
फोन: ४५१४७९९, फ्याक्स: ९७७-०१-४५३५६३३, वेभ: www.nationallife.com.np

## ब्याडमिन्टन एशिया क्षेत्रीय प्रतियोगिता

# उपाधिका लागि नेपाल र श्रीलंका भिड्ने



**काठमाडौं/मस–** ब्याडमिन्टन एसियाको आयोजना तथा नेपाल ब्याडमिन्टन संघको तत्वावधानमा ब्याडमिन्टन एसिया (दक्षिण एसिया) क्षेत्रीय जुनियर च्याम्पियनसिप २०२३ अन्तर्गत यु-१५ मिक्स टिम इभेन्ट्समा नेपाल र श्रीलंका फाइनलमा प्रवेश गरेका छन् ।

हचोकस्थित एपीएफको कभर्डहलमा भएको खेलमा यु-१५ तर्फ बंगलादेश र नेपालबीच भएको खेलमा नेपालले ३-२ को जित हात पार्दै फाइनलमा स्थान पक्का गर्‍यो । पहिलो सेटमा बंगलादेशका मोस्तकिम होसेनले नेपालका सुविन श्रेष्ठलाई २१-७, २१-१० ले पराजित गरे । दोस्रो सेटमा नेपालकी रिहाना शेरचनले बंगलादेशकी अफिफा खान अरिनलाई २१-१६, २१-१५ ले पराजित गर्दै खेललाई १-१ को बराबरीमा ल्याइन् । यस्तै तेस्रो सेटमा मोस्तकिम होसेन र वाली उल्लाहको जोडीले सूर्य महर्जन र सुविन श्रेष्ठको जोडीलाई २१-११, २१-११ ले पराजित गर्दै खेललाई आफ्नो पक्षमा पार्दै बंगलादेशले २-१ को अवस्थामा पुर्‍यायो । पुनः नेपालका दिलाशा राना र रिहाना शेरचनको जोडीले अफिफा खान अरिन र तान्जिला महमुदको जोडीलाई २१-१६, २२-२० ले पराजित गर्दै खेललाई २-२ को बराबरीमा पुर्‍याए । अन्तिम तथा निर्णायक खेलमा नेपालका सुविन श्रेष्ठ र रिहाना शेरचनको जोडीले बंगलादेशका मोस्तकिम होसेन र तान्जिला महमुदको जोडीलाई २१-१५, २०-२२, २१-१३ ले पराजित गर्दै फाईनलमा स्थान बनाए । अब नेपालले उपाधिका लागि श्रीलंकाको सामना गर्ने भएको छ । प्रतियोगिताको फाइनल आइतबार ९ बजे बाट शुरु हुने कार्यक्रम रहेको छ ।

अर्को खेलामा भुटान र श्रीलंकाबीच भएको खेलमा श्रीलंकाले ३-० को जितका साथ फाइनल पक्का गरेको हो । श्रीलंकाका केनेथ अरुग्गोडाले भुटानका पेमा तेन्जिनलाई २१-६, २१-७ ले, सिथुली रनसिंघेले याङ्चेन डोलकरलाई २१-८, २१-८ ले र केनेथ अरुग्गोडा र सेनुथ सेथमिथा पेरेराले पेमा तेन्जिन र सोनाम फुन्छो छेतेनलाई २१-९, २१-११ ले पराजित गर्दै फाइनल प्रवेश गरेका हुन् ।

च्याम्पियनसिपको दोस्रो दिन भएको यु-१७ को खेलमा बंगलादेशले भुटानलाई ३-० ले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो । बंगलादेशका एस.एस.एम. सिफात उल्लाहले भुटानका ङवाङ्ग रिग्सेल जर्मीलाई २१-१२, २१-७, सिनथिन खानोम प्रियुन्तीले कृती गुरुङलाई २१-१८, २१-५ र राजोन मिया र एस.एस.एम. सिफात उल्लाहको जोडीले अभिक बालामपाकी र नवाङ्ग रिग्सेल जर्मी जोडीलाई २१-५, २१-१० ले पराजित गरेका हुन् ।

यस्तै श्रीलंकाले पनि नेपाललाई ३-० ले नै पराजित गर्दै फाइनल प्रवेश गरेको हो । श्रीलंकाका थिदासा वेरागोडाले नेपालका कविर के.सी.लाई २१-१७, १५-२१, २३-२१, रनिथमा लियानागेले रोजी राईलाई २१-५, २१-३ र हिरुका अलुथ पाटबेन्डिगे र थिदासा वेरागोडाको जोडीले कविर के.सी. र अभय महराको जोडीलाई २१-१८, २१-१७ ले पराजित गर्दै फाईनलमा स्थान पक्का गरेका हुन् ।

# जोशीको नेतृत्वमा सुदूरपश्चिम प्रदेश क्रिकेट संघ



**काठमाडौं/मस–** सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघको अध्यक्षमा बासुदेव जोशी चयन भएका छन् । शनिबार धनगढीमा सम्पन्न संघको दोस्रो साधारण सभाबाट जोशी अध्यक्षमा सर्वसम्मत निर्वाचित भएका हुन् । जोशी डडेलधुराबाट जिल्ला प्रतिनिधि भएर अध्यक्षमा चयन भएका हुन् ।

त्यस्तै उपाध्यक्षमा रमेश बहादुर बोहरा बैतडी, सचीव लक्ष्मण दत्त भट्ट कंचनपुर, कोषाध्यक्ष दिनेश सिंह डोटी, सदस्यहरुमा हरी रेग्मी कैलाली, शेर सिंह खत्री बैतडी, तेज कार्की दार्चुला, अनिल कुँवर अछाम, माया रावत साउँद महिला सदस्य कंचनपुर, रमेश बहादुर चन्द डोटी, जोग बहादुर दौल्याय बझाङ, बाबुराजा श्रेष्ठ कैलाली र आशिष कुमार खत्री कञ्चनपुर निर्विरोध निर्वाचित भएका छन् ।

क्यानको आगामी असोजमा हुन गैरहेको केन्द्रिय अधिवेशनका लागि अहिले जिल्ला तह हुँदै प्रदेश अधिवेशनहरु भइरहेका छन् ।

